जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक २८, २०७८ साल माघ २८ गते शुक्रबार, नेपाल संवत् ११४२ (Feb. 11, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

### दूधको मूल्य बढ्यो

काठमाडौं । दूग्ध विकास संस्थान (डीडीसी) ले प्रशोधित स्टान्डर्ड दूधको उपभोक्ता मूल्य प्रतिलिटर ९ रुपैयाँले बढाउने निर्णय गरेको छ । मूल्यवृद्धिसँगै अब पोकामा उपलब्ध हुने एक लिटर दूधको मूल्य ८५ रुपैयाँ पुगेको छ ।

वैज्ञानिक आधारमा मूल्य बढाउने निर्णय गरिएको कार्ययोजना तथा बजार व्यवस्थापन विभाग प्रमुख सन्जीब झाले बताए । बढेको मूल्य शुक्रबारदेखि लागू हुनेछ । बुधबार मात्रै कृषि तथा पशुपन्छी विकास मन्त्रालयले संस्थानलाई दूधको मूल्य बढाउन अनुमति दिएको थियो ।

### मधेसी दल फेरि फुट्दै

काठमाडौं । मधेसी दल पुनः विभाजन उन्मुख देखिएका छन् । विभिन्न ६ पार्टी मिलेर राष्ट्रिय जनता पार्टी घोषणा भएको थियो । राजपा र संघीय समाजवादी पार्टीबीच एकीकरण भएर जनता समाजवादी पार्टीको गठन भएको थियो । तर एक वर्ष नपुग्दै जसपा विभाजन भयो । जपसा विभाजन भएर गठन भएको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनता समाजवादी पार्टी (जसपा) फेरि फुटको संघारमा पुगेका छन् ।

जसपा संघीय परिषद्का अध्यक्ष बाबुराम भट्टराई र पार्टी अध्यक्ष उपेन्द्र यादवबीच विवाद चर्किंदै गएको छ । अध्यक्ष **बाँकी ८ पेजमा**

# यसकारण एमसीसी राष्ट्रहितमा छैन

**तेजेन्द्र प्रसाई**




काठमाडौं । अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) पास गर्ने सम्बन्धमा रस्साकस्सी चलिरहेका बेला सत्ता गठबन्धनका शीर्ष नेताहरू प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एमसीसीलाई लेखेको गोप्यपत्र सार्वजनिक भएसँगै मुलुकको राजनीति तरंगित बनेको छ । यसअघि प्रचण्डले एमसीसीलाई आफूले कुनै पनि पत्र नलेखेको दाबी गर्दै आएका थिए । उक्त पत्रबारे खुलासा भएपछि प्रचण्डले गठबन्धन जोगाउन पत्र लेखिएको भन्दै हास्यास्पद अभिव्यक्ति दिइरहेका छन् । उनले देशभित्र र देश बाहिरका प्रतिक्रियावादी शक्तिहरू माओवादी सिध्याउने षड्यन्त्रमा लागेको दाबी गरेका छन् । एमसीसी अनुमोदनका लागि प्रचण्डले माओवादीलाई सखाप पार्ने षड्यन्त्र भएको दाबी गरेका हुन् । प्रचण्डले चुनावपछि मात्र एमसीसीबारे छलफल गर्नुपर्ने सुझावसमेत अघि सारेका छन् । उक्त संयुक्त गोप्य पत्रमा प्रचण्ड र देउवाले एमसीसी पारित हुने तर त्यसका लागि वातावरण बनाउन केही महिना थप गर्नुपर्ने प्रस्ताव गरेको पनि पर्दाफास भएको छ ।

सम्झौता हेर्दा एमसीसी विशुद्ध सहयोग परियोजना हो । अमेरिकी सरकारले सरकारी कम्पनीका रुपमा स्थापित गरेको यो परियोजनाको गर्भनिङ कानुन एमसीसी एक्ट (ऐन) २००३ हो । नेपाल र अमेरिकाबीच सम्पन्न सम्झौताको धारा २.२ ले यो सहायता कोष एमसीसीएमसीसी एक्टको दफा ६०९ बमोजिम स्थापित भएको भनी उल्लेख गरेको छ । गरिबी निवारणको मुख्य उद्देश्य लिएर स्थापित यो अमेरिकी सहायता परियोजनाले नेपालमा विद्युतीकरणका लागि सहयोग गर्ने उद्देश्य राखेको भनी सम्झौतामा लेखिएको छ । साथै अगावै रद्द वा स्थगन भएमा बाहेक लागू भएको मितिदेखि पाँच वर्षसम्म करार अवधि कायम रहने, यो सम्झौता दुवै पक्षले तीस दिनको अग्रिम सूचना दिएर एकतर्फी रुपमा रद्द गर्न सक्ने व्यवस्था धारा ५ र ७ मा गरिएको छ ।

सम्झौता अनुसार अमेरिकाले ५० करोड डलर र नेपालले १३ करोड डलर आयोजनाका लागि उपलब्ध गराउनुपर्नेछ । बुटवलबाट भारतको गोरखपुरसम्मको विद्युत प्रसारण लाइनको निर्माण र बुटवलसम्म जाने नेपालतर्फको विद्युत् प्रसारण लाइनको निर्माणमा उक्त रकम खर्च गरिने उल्लेख गरिएको छ । सम्झौतामा हस्ताक्षर गर्दा नेपालको संसदबाट अनुमोदन गराउनुपर्ने नराखिएकामा पछि कानुन मन्त्रालयको रायका आधारमा दुवै पक्षले पत्राचार गरी संसदीय अनुमोदनलाई बाध्यात्मक बनाइएको हो ।

एमसीसी सम्झौताका केही प्रावधानहरू राष्ट्रिय हित र सार्वभौमसत्ता एवं राष्ट्रिय अखण्डताविरुद्ध देखिन्छन् । तीमध्ये सम्झौताको अनुसूची ५ मा नेपालले प्रस्ताव गरेको परियोजना सञ्चालन गर्न भारतको समर्थन अनिवार्य गरिएको छ । भारतसँग जोडिएको प्रसारण लाइन भएकाले यष्सलाई अनिवार्य मान्ने हो भने पनि दुई देशबीचको अनिवार्य सहमति चाहिने प्रावधान करारको आधारभूत सिद्धान्तविरुद्ध छ । यही प्रावधानले एमसीसी इन्डोप्यासिफिक रणनीतिको एउटा पाटो हो भन्ने तर्कमा दम देखिन्छ ।

यो सम्झौताको सबभन्दा आपत्तिजनक प्रावधान धारा ५ (१) खका उपधारा ३ र ४ .हुन् । यी उपधारामा क्रमशः अमेरिकाको वर्तमान र भविष्यमा बन्ने कानुन नेपालले मान्नुपर्ने प्रावधान र अमेरिकाको राष्ट्रिय हित विपरीतका क्रियाकलाप गर्न नपाइने व्यवस्था गरिएको छ । झट्ट हेर्दा यसलाई सामान्य मानिएला तर नेपालको सार्वभौम अधिकार र राष्ट्रिय सुरक्षाका दृष्टिले यी प्रावधानले दूरगामी असर पार्ने र नेपाललाई अमेरिकाको सुरक्षा राडारभित्र राख्ने प्रस्टै देखिन्छ । नेपालले अख्तियार गरेको परराष्ट्र नीति असंलग्न हो । अमेरिकी हित र नेपालसँग दौत्य सम्बन्ध कायम भएका अन्य सबै मुलुकको हितको सम्मान गर्नु नेपालको कर्तव्य हो । अमेरिकी, चिनियाँ, भारतीय वा अन्य कुनै मुलुकको हित कतिपय अवस्थामा बाझिन सक्छ, अहिले पनि यस्तै अवस्था छ । यो सम्झौतालाई हुबहु स्वीकार गर्दा अमेरिकासँग हित बाझिएका अन्य मुलुक र नेपालको सम्बन्ध के हुने भन्ने गम्भीर विषय उठेर नेपाल शक्ति राष्ट्रहरूको तानातानमा पर्न सक्ने जोखिम छ ।

पाँच वर्षका लागि भएको सम्झौतामा अमेरिकाले भविष्यमा बनाउने जुनसुकै कानुन वा नीतिप्रति नेपाल प्रतिबद्ध रहने विषय रहनु आपत्तिजनक छ । यदि अमेरिका र चीनबीच भविष्यमा कुनै युद्ध भयो भने वा युक्रेनको विषयलाई लिएर रुप र अमेरिकाबीच युद्ध भयो भने अमेरिकाले नेपालसँग सैनिक सहायताको नीति बनायो भने त्यो नीतिविरुद्ध उभिन यो प्रावधानले दिँदैन । **बाँकी ८ पेजमा**

## एसइई परीक्षा वैशाख ९ देखि

भक्तपुर । यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आगामी वैशाख ९ गते बिहान ८ बजेदेखि सुरु हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डको बैठकले यस वर्षको एसइई परीक्षा वैशाख ९ गतेदेखि सुरु भएर २० गते सम्पन्न गर्ने निर्णय गरेसँगै बोर्डले आज तालिका सार्वजनिक गरेको छ ।

बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन हुने परीक्षा आगामी वैशाख २० गतेसम्म सञ्चालन हुने अध्यक्ष महाश्रम शर्माले जानकारी दिए । बोर्डले सार्वजनिक गरेको तालिका अनुसार परीक्षाको पहिलो दिन शुक्रबार अनिवार्य अङ्ग्रेजी विषयको परीक्षा हुनेछ । सोही दिन वेदविद्याश्रमतर्फ **बाँकी ८ पेजमा**

## यी हुन् एसियाका धनी व्यक्ति



काठमाडौं । अडानी ग्रुपका चेयरम्यान गौतम अडानी एसियाको सबैभन्दा धनी व्यक्ति बन्न सफल भएका छन् । उनले रिलायन्स इन्डस्ट्रिजका अध्यक्ष मुकेश अम्बानीलाई जितेर यो स्थान हाँसिल गरेका हुन् । ब्लुमबर्ग बिलियनायर्स इन्डेक्सका अनुसार ५९ वर्षीय अडानीको नेटवर्थ ८८.५ अर्ब डलर पुगेको छ । उता अम्बानीको नेटवर्थ भने ८७.९ अर्ब डलर रहेको छ । फोर्ब्सको सूचीमा अडानी यसअघि नै अम्बानीभन्दा अघि रहिसकेका थिए । ब्लुमबर्गले अडानीलाई संसारको धनीमध्ये १०औं नम्बरमा राखेको छ । उनले पहिलोपटक यो उपलब्धि हासिल गरेका हुन् । **बाँकी ८ पेजमा**

## तीन एआईजी थप्ने गृहकार्य

काठमाडौं । नेपाल प्रहरीतर्फ अतिरिक्त महानिरीक्षक (एआईजी)को दरबन्दी थप गर्नेसम्बन्धी प्रस्ताव मन्त्रिपरिषदमा पेस भएको छ । उच्च स्रोतका अनुसार गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकमा नेपाल प्रहरीतर्फ तीन जना एआईजी थप गर्नेसम्बन्धी प्रस्ताव पेस भएको हो ।

गृह मन्त्रालयले अर्थ मन्त्रालयसँग दरबन्दी थपका लागि स्वीकृति मागेको थियो । अर्थले स्वीकृति दिएपछि सो प्रस्तावलाई गृह मन्त्रालयले मन्त्रिपरिषद् मा लगेको हो । यसअघि नेपाल प्रहरीतर्फ तीन र सशस्त्र प्रहरीतर्फ एक जना एआईजी **बाँकी ८ पेजमा**

## वैदेशिक व्यापारघाटाको ग्राफ उकालो

काठमाडौं । मुलुकको निर्यात व्यापारमा सुधार देखिए पनि आयात उच्च हुँदा वैदेशिक व्यापारघाटा बढेको छ। नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी छ महिनाको प्रतिवेदनअनुसार निर्यात बढेसँगै आयात पनि उच्चरुपमा बढ्दा व्यापारघाटा पनि बढेको हो।

प्रतिवेदनअनुसार चालू आर्थिक वर्षको छ महिनामा कुल वस्तु निर्यात ९५ दशमलव पाँच प्रतिशतले बढेर एक खर्ब १८ अर्ब ८५ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात छ दशमलव एक प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः एक सय २१ दशमलव आठ प्रतिशत र ३० दशमलव दुई प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यात १० दशमलव दुई प्रतिशतले घटेको छ। वस्तुगत आधारमा पाम तेल, सोयाबिन तेल, पिना, जुस, ऊनी गलैंचालगायतका वस्तुको निर्यात बढे पनि अलैंची, चिया, जडीबुटी, जस्तापाता, तारलगायतका वस्तुको निर्यात भने घटेको छ।

राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको छ महिनामा कुल वस्तु आयात ५१ दशमलव एक प्रतिशतले वृद्धि भई नौ खर्ब ९९ अर्ब ३४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात चार दशमलव आठ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३७ दशमलव पाँच प्रतिशत, ५१ दशमलव पाँच प्रतिशत र ९८ दशमलव दुई प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधि, कच्चा पाम तेल, यातायातका **बाँकी ८ पेजमा**

# एमसिसीविरुद्ध उत्रिए ८ दल




काठमाडौं । एमसिसीको विरोधमा विभिन्न आठवटा राजनीतिक दलले बुधबार राजधानीमा प्रदर्शन गरेका छन् । माइतीघरदेखि नयाँ बानेश्वरसम्म प्रदर्शनपछि कोणसभा आयोजना गरिएको थियो । प्रदर्शनका सहभागीले एमसिसी सम्झौता अनुमोदन हुन नहुने आशयका विभिन्न प्लेकार्ड र ब्यानर बोकेका थिए ।

कार्यक्रम आयोजना गर्ने राजनीतिक दलका नेताहरूले कोणसभामा सम्बोधन गरेका थिए । सम्झौता राष्ट्रघाती रहेको भन्दै उनीहरूले संसद्बाट अनुमोदन नगर्न खबरदारीसमेत गरेका छन् । जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले अमेरिकाले एमसिसीका नाममा खसी देखाएर फर्सी भिडाउन खोजेको आरोप लगाएका थिए । अमेरिकाले आफ्नो स्वार्थपूर्तिका लागि एमसिसी परियोजना नेपाललाई भिडाइरहेको उनको भनाइ थियो ।

नेपाल कम्युनिस्ट पार्टी, नेकपा क्रान्तिकारी माओवादी, नेकपा, वैज्ञानिक समाजवादी कम्युनिस्ट **बाँकी ८ पेजमा**


## खारेज गर्न माग

काठमाडौं । जनसांस्कृतिक महासंघ नेपालले एमसिसी सम्झौता राष्ट्रहितविरुद्ध रहेको भन्दै खारेज गर्न माग गरेको छ । केही वर्षदेखि अत्यन्तै चर्चा र विवादको रुपमा रहेको एमसिसी सम्झौताका बारेको बहसले यतिवेला राष्ट्रिय राजनीति तरंगित बनिरहेको छ । नेकपा (माओवादी केन्द्र) निकट महासंघले अमेरिकी साम्राज्यवादको दलाली गर्ने एउटा शक्ति राष्ट्रघाती एमसिसी सम्झौता संसदबाट पारित गर्न जोडबल गरिरहेको भन्दै राष्ट्रघाती सम्झौता खारेज गर्नु नै नेपालको हितमा रहेको जनाएको छ । **बाँकी ८ पेजमा**

### चीनमाथि भारतको आरोप

काठमाडौं । पूर्वी लद्दाखमा रहेको पैंगोङ झिलमा चीनले अवैधरुपमा पुल बनाइरहेको भारतले आरोप लगाएको छ । केन्द्र सरकारले संसद्लाई यसबारे जानकारी दिएको हो । विदेश राज्यमन्त्री वी मुरलीधरनले संसदमा लिखित जवाफ दिँदै भने, 'चीनको तर्फबाट पैंगोङ झिलमा पुल बनाउने काम भइरहेको छ । यो पुल त्यो क्षेत्रमा बनाइदैछ जुन सन् १९६२ देखि चीनको अवैध कब्जामा छ । भारत सरकारले यो **बाँकी ८ पेजमा**

### अनौठो मास्क



काठमाडौं । दक्षिण कोरियामा पछिल्लो पटक अनौठो मास्क चलनमा आएको छ, जुन परम्परागत फेस मास्कभन्दा बिलकुल फरक छ । पछिल्लो समयमा प्रचलनमा आएको मास्कले नाक र मुखकोसट्टा नाक मात्र ढाक्छ । नयाँ **बाँकी ८ पेजमा**

# कसरी सुरू भयो प्रेमदिवस ?

**सन्दर्भ १४ फेब्रुअरी**

● **घनश्याम ओली**

काठमाडौं । १४ फेब्रुअरीको दिनलाई विश्वभर प्रणय दिवसका रुपमा मनाउने गरिन्छ । प्रणय दिवस नेपालीहरूको संस्कृति होइन । यद्यपि पछिल्लो समयमा क्रिसमस डेको समेत नेपालमा रौनक बढेको छ भने भ्यालेन्टाइन डेले युवापुस्तालाई नछुने कुरै भएन । यस दिन प्रेम गर्न आतुर मनहरूले समेत प्रेम प्रस्ताव राख्छन् । श्रीमान् श्रीमतीले समेत उपहार आदानप्रदान गरेर आत्मीयता साटासाट गर्छन् ।

भ्यालेन्टाइन डेको सुरुवात इसवी सन् २६९ मा इटलीको रोमबाट सुरु भएको मानिन्छ । तेस्रो शताब्दीका रोमन शासक सम्राट कलाउडिस दोस्रोले देशवासीलाई सैन्य भर्तिमा सामेल हुन उर्दी जारी गरे । महिलासँगको सम्बन्धका कारण पुरुष कमजोर हुने सोची प्रेम र विवाहमा प्रतिबन्ध लगाए । प्रेम र विवाहले सैनिकहरू शुरवीर नहुने सम्राटको विचारसँग केही सहमत पनि भए । धेरैले विरोध गरे । मुख्यतया रोमका पादरी भ्यालेन्टाइनले सम्राटको आदेशलाई गलत ठह्याए । उनले विवाह गर्न चाहने सैनिकहरूको चर्चमा विवाह गराए । राजादेशको पालना नगरेको भन्दै भ्यालेन्टाइनलाई गिरफ्तार गरियो । सन्त भ्यालेन्टाइनलाई जेलमा बन्दी बनाइएको थियो । त्यही बेला उनले जेलरकी दृष्टिविहीन छोरीसँग प्रेम गरेका थिए । जब भ्यालेन्टाइनलाई मृत्युदण्डको सजाय सुनाइयो । उनले एउटा प्रेमपत्रमा लभ फ्रम योर भ्यालेन्टाइन भनेर लेखे र जेलरलाई आफ्नी छोरीलाई दिन भने । उनले यो पनि भन्न भ्याए- मेरो मृत्युपछि मेरा आँखा तपाईकी अन्धी छोरीलाई दिनु ताकि उनले संसार देख्न सकुन् । इ.सं. २६९ फेब्रुअरी १४ का दिन भ्यालेन्टाइनलाई मृत्युदण्ड






दिइयो । त्यसपछि जेलरकी छोरीको अवस्था के रह्यो ? त्यो अज्ञात नै छ । तर भ्यालेन्टाइनको ज्यान गएको १४ फेब्रुअरी पनि प्रेम दिवसमा परिणत भयो ।

भ्यालेन्टाइन डेका बारेमा अर्को पनि एक किंवदन्ती छ । दोस्रो शताब्दी (सन् २३५) मा रोमन स्रामज्यका राजा थिए अलेक्जेन्डर । उनले आफ्ना सिपाहीहरूलाई अरु राज्यहरू कब्जा गर्ने आदेश दिएका थिए । रोमन सिपाहीहरूको जीवन युद्धमै बित्ने गर्थ्यो । जहाँ जहाँ रोमन सैनिकहरू पुग्थे त्यहाँ उनीहरूले स्थानीय युवतीहरूसँग यौन सम्बन्ध राख्थे । यो कुरा राजालाई मन परेको थिएन । सैनिकहरू यौन क्रीडामा लागेमा शारीरिक रुपले उनीहरू कमजोर बन्ने राजाको ठम्याइ थियो । राजा सधैं सैनिकहरूले वीरता देखाएको सुन्न चाहन्थे न कि घरजम गरेको ।

यही कारण राजाले सैनिकहरूलाई विवाह नगर्न आदेश दिएका थिए । राजाको यस्तो आदेशप्रति सन्त भेलेन्टाइन असहमत **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## नेतालाई मस्ती जनतालाई सास्ती

लामो समयको अन्योलता र अलमललाई चिर्दै सरकारले वैशाख ३० गते स्थानीय तहको निर्वाचन घोषणा गरेको छ । निर्वाचनको घोषणासँगै निर्वाचन आयोग चुनावको तयारीमा जुटेको छ भने राजनीतिक दलहरू पनि निर्वाचन उन्मुख गतिविधिमा जुट्न थालेका छन् । लोकतन्त्रलाई बलियो बनाउने कसीका रूपमा रहेको आवधिक निर्वाचन निर्धारित समयमै सम्पन्न गराएर नयाँ जनप्रतिनिधिहरूलाई कार्यभार सुम्पदा नयाँ ऊर्जा र नयाँ पनका साथ उनीहरूले आफ्नो जिम्मेवारी वहन गर्नेछन् । जनताले राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र नराम्रो काम गर्नेलाई दण्डित गर्ने अवसर पनि निर्वाचनको समयमै प्राप्त गर्छन् । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि हुन गइरहेको स्थानीय तहको दोस्रो निर्वाचनले पुराना विकृति विसंगतिलाई पन्साएर स्थानीय तहलाई नयाँ मार्गमा लैजाने आशा एवं विश्वास गर्न सकिन्छ । यद्यपि निर्वाचनको समयमा हुन सक्ने गैरराजनीतिक हर्कत, पैसाको चलखेल, गुण्डागर्दी जस्ता कुराहरूलाई नियन्त्रण गरेर स्वच्छ, धाँधलीरहित निर्वाचन गराउन दायित्व निर्वाचन आयोगले बहन गर्न सक्नुपर्छ ।

लामो समयसम्म कर्मचारीको भरमा सञ्चालन भएर बल्लतल्ल जनप्रतिनिधि प्राप्त गरेको स्थानीय तहको पहिलो कार्यकाल आलोचना मुक्त बन्न सकेन । असंख्य विकृति, विसंगतिले स्थानीय तहका जनप्रतिनिधि जनताका सेवक होइन, मालिक बन्ने बाटोमा लागे । स्थानीय तह भ्रष्टाचारको ठूलो केन्द्र बने । वडाध्यक्ष डोजर मालिक बनेर जथाभावी भीर, पाखा खन्दै हिंडेको र बाटो नभएका स्थानीय तहका प्रमुखले करोड मूल्यको गाडी किनेका खबरहरू मिडियामा छताछुल्ल हुँदै आएका छन् । जनतालाई करको भारी बोकाएर जुकाले रगत चुसेजस्तो जनतासँग पैसा चुसेर मोजमस्तीमा रम्ने जनप्रतिनिधिले गर्दा राम्रो काम गर्नेहरू पनि ओझेलमा पर्न गए । त्यसैगरी केन्द्र र तल्ला निकायको अधिकार क्षेत्रको स्पष्ट व्याख्या र कार्यान्वयन नभएका कारण केन्द्रकै मुख ताक्न स्थानीय निकायहरू बाध्य छन् । अझ संघ र प्रदेशको रसाकस्सी त नराम्रोसँग चलि नै रहेको छ । भ्रष्टाचार मुक्त र विकास केन्द्रित स्थानीय तहको अपेक्षा जनताले राखेका छन् । गाउँघरमा सिंहदरबारको नारा अनुकूल जनताले स्थानीय प्रतिनिधिहरूको संरक्षण र आडभरोसा चाहेका छन् । महँगा गाडीमा हुइँकिने र कार्यालयमा ठाँट, रवाफका साथ बस्ने जनप्रतिनिधि होइन जनताका घर, आँगन, चोक, डबली, चौतारामा सहजै उपलब्ध हुने र समस्याहरूमा जनतासँग खुलेर छलफल गर्ने जनप्रतिनिधिको अपेक्षा जनताले राखेका छन् । अब तीन महिनापछि हुने निर्वाचनले जनताको अपेक्षा पूरा गर्न सक्ने योग्य प्रतिनिधि छनोट हुनेछन् भन्ने आशा सबैको रहेको छ । राजनीतिक दलहरूले उम्मेदवार चयन गर्दा स्वच्छ छवि भएका व्यक्तिहरू चयन गर्न आवश्यक छ । कर्णाली प्रदेशमा मूर्तिचोर प्रमाणित व्यक्ति मन्त्री भएको विषय अहिले सामाजिक सञ्जालमा भाइरल बनेको छ । 'चोरलाई चौतारी साधुलाई सुली' को उखान चरितार्थ बनाउने काममा राजनीतिक दलहरू लाग्नु हुँदैन । स्थानीय तहका उम्मेदवार तय गर्दा दलहरूले राम्रो गृहकार्य गरेर सक्षम व्यक्तिलाई उम्मेदवार बनाउन आवश्यक छ ।

निर्वाचनको घोषणाले राजनीतिक वृत्तमा सकारात्मक ऊर्जा थपे पनि जनता महँगीको मारमा पर्ने त्रासमा गुज्रिरहेका छन् । पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले चौतर्फी बजार भाउ तताउन थालेको छ । निर्वाचनमा हुने फजुल खर्चले पनि बजार भाउमा प्रभाव पार्छ । दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि अनियन्त्रित रूपमा भएको कारण जनताको दैनिकी अत्यन्तै कष्टकर बनिरहेको छ । दाल, चामल, तेल, मसला, तरकारी सबै महँगो भएका छन् । दूधको मूल्य समेत वृद्धि भएका कारण बालक, वृद्धलाई दूध खुवाउन समेत समस्या पर्ने देखिन्छ । प्रशासनको ध्यान निर्वाचनमा केन्द्रित भएको समयमा हुने तस्करी, कालाबजारी रोकेर जनताको जनजीवन सहज बनाउनेतर्फ समेत सरकारको ध्यान जान आवश्यक छ । यसैगरी निर्वाचन आयोगले पेस गरेको कहालिलाग्दो निर्वाचन खर्चको फेहरिस्तबारे पनि सम्बन्धित निकायको ध्यान जान आवश्यक छ । निर्वाचन घोषणा भएदेखि आयोगमा हुने खर्च पारदर्शी र नियमसंगत हुन आवश्यक छ । निर्वाचनका नाममा फजुल खर्च गराएर कमाउने प्रवृत्ति र मानसिकता आयोगका पदाधिकारी र कर्मचारीहरूले त्याग्नुपर्छ । सरकार, जनता, आयोग, राजनीतिक दल सबैको सहयोगमा मात्र निर्बाध रूपले निर्वाचन सम्पन्न हुन्छ ।

# विना सैन्य स्वार्थको Grant Regime विरलै हुन्छ



**सुरेन्द्र ढकाल**

(१) **Grant Regime** :

Grant Regime को पहिलो प्रयोग भनेको अमेरिकी Marshal Plan नै हो । यसअन्तर्गत अमेरिकाले दोस्रो विश्वयुद्धले ध्वस्त भएको मुख्यतया जर्मनी, इटली र जापानको पुनर्निर्माणमा हात बढाएको थियो । तर त्यस्तो अनुदानको बदला ती तीन राष्ट्रहरूले आफ्नो भूमिमा अमेरिकी सेना तैनाथ र परिचालन गर्ने अनुमति दिएका थिए ।

सुरुमा १२ अरब डलरको अनुदानबाट सुरु भएको मार्सल प्लान भर्खरै उपनिवेशबाट स्वतन्त्रता हासिल गरेका धेरै गरिव राष्ट्रहरूले स्वीकार गर्लान् भन्ने अमेरिकाको अपेक्षा थियो । अमेरिका र सोभियत संघबीच चलेको शीतयुद्ध, भियतनाम अनि कोरिया युद्ध भड्किरहेको अवस्थामा अमेरिकाले सोचेको जस्तो मार्सल प्लान स्वीकार गर्ने राष्ट्रहरू भेटिएनन् । ठीक त्यसको विपरीत तेस्रो विश्वका नेताहरू जस्तो युगोस्लाभियाका जोसेफ ब्रज टिटो, इन्डानेसियाका सुकार्नो, चीनका चाउ ऐन लाई, भारतका नेहरू, नेपालका महेन्द्रवीर विक्रमको अगुवाईमा इन्डोनेसियाको सहर वाण्डुंगमा अप्रिल १९५५ एक अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना भयो ।

यस सम्मेलनले तेस्रो विश्वका राष्ट्रहरू सोभियत वा अमेरिकी खेमा दुवैमा नलागी असंलग्न रहने घोषणा गरेपश्चात असंलग्न अभियानले मूर्तरुप लियो । यस्ता असंलग्न राष्ट्रहरू अमेरिकी खेमामा जालान् भन्ने सोभियत संघलाई त्रास र सोभियत खेमामा जालान् भन्ने अमेरिकालाई त्रास भएको कारण अमेरिकाको Grant Regime आमरुपमा सफल हुन सकेन ।

२) **Development Cooperation Regime:**

Grant Regime पश्चात् विश्व राजनीतिमा Development Cooperation Regime मा आयो । जसअनुरुप अमेरिकाले United State Agency for International Development (USAID) भन्ने संस्था खडा गरी असंलग्न राष्ट्रहरूमा विना सैन्य स्वार्थ सहयोगको विकासे राजनीति सुरु गऱ्यो । अमेरिकाले यस्तो कदम चालेपछि सोभियत संघ पनि Communist International (Comintern) मा त्यति नलागी असंलग्न राष्ट्रहरूमा विकाशको लागि सहयोग गर्न थाल्यो । उदाहरण नेपालको लिने हो भने त्यतिखेरको नेपालको पहिचानको आयोजना भनेको पूर्व–पश्चिम राजमार्ग थियो । सोभियत संघले यस राजमार्गको पथलैया ढल्केवार खण्ड बनाइदियो भने अमेरिकाले यस राजमार्ग भएर जाने धनगढी–डडेलधुरा राजमार्ग बनाइदियो । यस्तो सहयोगको विकासे राजनीति (Development Cooperation Regime) सन् ९० को दशकसम्म राम्रै चल्यो । असंलग्न राष्ट्रहरू यसबाट लाभान्वित भए । तर यो Development Cooperation Regime पनि खतम भयो । यसको मुख्य कारण एकातर्फ सोभियत समाजवादको पतन हुनु अनि अर्को भनेको इण्डोनेसिया Association of South East Asian Nations (ASEAN) क्षेत्रीय सहयोग भन्दै अमेरिकी खेमामा अनि भारत २० वर्षे सैनिक सम्झौता भन्दै सोभियत खेमामा उभिन पुग्नुले पनि हो ।

३) Generalized System of Preferences (GSP) Regime : सोभियत संघसँग सहयोगको विकासे राजनीतिमा प्रतिस्पर्धा गर्न नपर्ने भएपछि अमेरिकाले बोली फेऱ्यो । अब विकाशको लागि सहयोग हुँदैन व्यापार गर Trade not Aid भन्न थाल्यो । त्यसका लागि उसले Generalized System of Preferences (GSP) Regime को घोषणा गऱ्यो र विश्व व्यापार संगठन (WTO) को सदस्य बन भन्न थाल्यो । GSP Regime अन्तर्गत अमेरिका, पश्चिमी युरोपेली राष्ट्रहरू, जापान, क्यानडा र अष्ट्रलियाले पनि आफ्नो बजार विना भन्सार तेस्रो विश्वका अति कम विकसित राष्ट्रहरूलाई खुला गरिदिएपछि GSP Regime निकै चम्कियो । तर के गर्नु WTO Membership बाट चीनबाहेक अन्य राष्ट्रहरूले खास फाइदा उठाउन सकेनन् । यिनीहरूका वस्तुले मूल्य र गुणस्तरमा प्रतिष्पर्धा गर्न नसक्दा WTO Membership को कारण स्वदेशी उद्योगहरू बन्द हुन पुगी आयात ह्वात्तै बढी यस्ता देशहरू व्यापारघाटाको चंगुलमा फस्न पुगे । नेपाल त्यसको एक ज्वलन्त उदाहरण हो ।

विश्व बजारको ८० प्रतिशतभन्दा बढी भाग ओगटने एक राष्ट्र अमेरिकाले WTO को नियमविपरीत चिनियाँ वस्तुमा अधिक भन्सार लगाएपछि अर्को राष्ट्र चीनले पनि अमेरिकी वस्तुमाथि भन्सार बढाउँदा WTO नै धरायशी हुन पुगेको अवस्था छ । अर्कोतर्फ विश्व व्यापारलाई आफ्नो पक्षमा पार्न सफल चीनको व्यापार नाफा (Trade Surplus) यति बढ्यो कि त्यसले ४० खरब डलर नाघ्यो । यसबाट उत्साहित हुँदै चीनले Belt and Road Initiative मार्फत सिधा व्यापार सम्पर्क (Direct Connectivity) वृद्धि गर्ने कार्यमा माथि भनिएको ४० खरब डलर आफ्नै पूर्वाधार विकाश बैंकमार्फत विकाशशील र अल्प विकशित राष्ट्रहरूमा एसियाली विकाश बैंक र विश्व बैंकको भन्दा कम ब्याजदरमा ऋण लगानी र विना सैनिक स्वार्थ अनुदान दिने घोषणा गरेपछि अमेरिका, पश्चिमी राष्ट्रहरू, अष्ट्रेलिया र जापानको सातो जान थाल्यो । चीनको यो कदमलाई काउन्टर नगरेमा सम्पूर्ण विश्व व्यापार चीनको पोल्टामा जाने देखेपछि अमेरिका र यसका सम्बन्ध राष्ट्रहरू पुनः Millennium Challenge Corporation (MCC) नामधारी Grant Regime मा फर्केका छन् ।















४) MCC को Grant Regime

सुरुको MCC Compact मा १२ अरब डलर खर्च गर्ने र निरन्तर रुपमा MCC अनुदानको लागि खर्च जुटाउन भनी पछिल्लो G7 (USA, Germany, Japan, United Kingdom, France, Canada Italy) को बैठकले उनीहरूको राष्ट्रहरूमा रहेका बहुराष्ट्रिय निगमको नाफामा ३६ प्रतिशत कर लगाउने प्रस्ताव पास गरेको छ । अर्कोतर्फ MCC को पछाडि रहेको सैन्य स्वार्थलाई जगेर्ना गर्न अमेरिकाले भारतलाई मिलाएर हिन्द प्रशान्त रणनीति (Indo Pasific Strategy IPS) बनायो । त्यो IPS मा जापानलाई संलग्न गराई तन्काई QUAD बनायो । त्यतिले पनि नपुगी QUAD मा Australia र UK लाई संलग्न गरी अहिले Australia United Kingdom USA सहितको सैनिक संयन्त्र AUKUS बनेको अवस्था छ । यही AUKUS को सदस्य राष्ट्र Australia ले दक्षिण कोरियासँग हालै एक अरब डलरको सुरक्षासम्बन्धी सन्धि गरेको छ ।

यस प्रकार दक्षिण कोरिया पनि यस सैन्य गठबन्धनमा तानिएको छ । चीनलाई व्यापार र अन्तर्राष्ट्रिय कुटनीतिमा एक्ल्याई चीन भित्रैबाट त्यहाँको कम्युनिस्ट शासनलाई सोभियत मोडेलमा पतन गराई चीनलाई तिब्बत, हङकङ, मकाउ, ताइवान र सिन्ज्याङ गरी ५ टुक्रामा विभाजन गर्न उद्दत अमेरिका र यससँग सम्बन्धित राष्ट्रहरूले अहिले MCC अनुदानको जालो विश्वभर फालिरहेका छन् । भर्खरै गत मंगलबार अमेरिकाले ताइवानलाई १० करोड डलरको अतिरिक्त सैनिक सहयोगको पनि घोषणा गरेको छ ।

निश्कर्ष

MCC Grant Regime चीनसँग वारपारको व्यापारिक र कूटनीतिक लडाइँमा अघि बढिरहेको छ । यसले तेस्रो विश्वयुद्ध ननिम्त्याउला भन्न सकिन्न । अमेरिकाको यो रणनीतिलाई काउन्टर दिन चीन, रसिया र पाकिस्तान अग्रसर देखिएका छन् । हालै बेजिङमा भएको हिउँदे ओलम्पिकमा यी तीन नेताहरूको बीचको भेटघाटले अमेरिकी खेमामा भूकम्प ल्याएको छ । यसअघि रुस र चीनले प्रशान्त महासागरमा संयुक्त, सैनिक अभ्यास पनि गरिसकेका छन् । श्रीलंकाले यसअघि नै आफुलाई MCC विरुद्ध उभ्याएको छ भने नेपाललाई जसरी भए पनि MCC को पक्षमा तान्न अमेरिका र यससँग सम्बन्ध राष्ट्रहरू अहिले दिलोज्यान दिई लागिपरेका छन् । जनतालाई भ्रममा पारेर राजनीति गर्न सिपालु नेपालका सत्तारुढ र विपक्षी दलहरू MCC मा सैनिक स्वार्थ छैन विशुद्ध अनुदान हो भन्दै नेपाललाई अमेरिकी खेमामा उभ्याउन हरतरहले लागिपरेको अवस्था छ अहिले । यसले नेपाल भन्ने देशकै भविष्य के हुने हो अन्योलमा पर्न जान सक्छ ।

# यती ग्रुप र खड्ग ओली ग्रुपको नाता

**सुदर्शन प्रधान**

सन् २००४ को अक्टोबरमा लमजुङ स्थित खुदीको मेरो गेष्ट हाउसमा थामसेर्कु ट्रेनिङ अफिसको अन्नपूर्ण सर्किट जाने एक युरोपियन पर्यटकहरू बस्न आए । पर्यटक र गाइडहरूले खाना डाइनिङ हलमा खाए र कोठाहरूमा आराम गरे । तर भरिया (Porter) हरू चाहिँ साझ पख मेरो कम्पाउण्ड भित्रको एउटा ठूलो वृक्षको फेदमा वरपरको सुकेको काठपात जम्मा गर्दै तिनवटा ढुङ्गाको चुलो बनाई खाना पकाउदै गरेको देखें ।

खुल्ला ठाउँमा दाउराले खाना पकाउदा आगलागीको खतरा र धुवाँले सबैलाई असर पार्ने कुराले सुरुमा त म रिसाएं तर जब उनीहरूले दिनको केवल रु.१५०।- मात्र पारिश्रमिक छ भनेर सुनाए । तब मेरो मन पुरै पग्लियो । ति आठ जनालाई मैले निशुल्क खाना उपलब्ध गराए । पर्यटनका एक आधार ति भरियाहरूले मसँग भनें 'आफूले चामल, दाल, तरकारी पकाएर खाँदा दिनमा सय खर्च भएपनि ५० रुपैयाँ बच्छ । होटलमा खाए छाकको सय लिन्छ । के गर्ने ?'

'यो अन्नपूर्ण सर्किट आजभोलि १६-१८ दिनको हुन्छ । दिनको रु.५० ले जम्मा ८००।- ९००।- ले के गर्नु हुन्छ ? थोरिङ्ग भन्ज्याङ्ग (५४१६ मा) जस्तो हिमाल नै कट्नु पर्छ...' मैले प्रश्न राखें ।

नुवाकोट जिल्लाका तमाङ जातीका ति भरियाहरूले जवाफमा भने 'पाहुनाहरूले अन्तिममा टिप्स दिन्छ गोराहरूले कपडा, जुत्ता, चप्पलहरू फुकालेर पनि दिन्छ........।' नेपालको राज्यसत्ता प्रतिक्रियावादी वर्गले नेतृत्व गर्ने भएकोले यहाँको पर्यटन उद्योग दासहरू जन्माउने उद्योग बनेको छ । त्यसबेला भरियाहरूको दर रेट भनेको दैनिक रु.५००।- ६००।- हो तर अरुको गरिबीबाट फाइदा उठाउदै दुष्टहरू जे पनि गर्छन् । यो कुरा ट्रेकिङ अफिसको गैर जिम्मेवार र हेलचक्राई हो, अझ राज्यको किनकि ट्रेकिङ अफिसले गाईडहरूलाई ठेक्का दिन्छन्, भनौं पोर्टरको रुपैयाँ उनैलाई दिन्छन् । गाईड हुने पनि प्राय सबै गरिब कै छोराहरू हुन् तर अर्को गरिबको रगत, पसिना र आँसु तिनले सजिलै पिउछन्, अफिसबाट प्रति भरिया प्रति दिनको रु.६००।- लिन्छन् तर भरियाहरूलाई रु.१५०।- मात्र दिन्छन् ।

'अब देखि दिनको रु.५००।- वा रु.६००।- नभई आउनु हुन्न' मैले त्यहाँ भनें । आजको यती ग्रुपको प्रमुख सोनाम शेर्पाको थामसेर्कु ट्रेकिङ अफिस त्यस बेला नेपालको झण्डै एक हजार एजेन्सीहरूमा राज्यलाई कर बुझाउने सर्वोधिक थियो । उनीहरू युरोपको बजारमा अन्नपूर्ण राउण्ड ३ हजार डलरमा बिक्रि गर्थे त्यसमा १ हजार डलर जति खर्च गर्थे अरु सबै नाफा गर्थे । युरोपको बजारमा उनको पहुँच बढेसँगै धन आर्जनमा पनि उनले तिव्रता लियो । यसको अन्तर कथामा प्रथम सफल महिला आरोहि पासाङ ल्हामु शेर्पा जोडिएको छ ।

सोलुखंम्बु जिल्ला निवासी पासाङ ल्हामु र सोनामहरू किशोर कालदेखि नै पर्यटकहरूका झोला बोकेर भरियाका काम गर्थे । अनुभव र उमेर बढेसँगै उनीहरू गाईड बने, विवाह गरे, काठमाण्डौं आए । ट्रेकिङ अफिस पनि खोले । २०५० सालमा लाक्फूटी शेर्पा र नन्दा राईको सहयोगमा पासाङले सगरमाथा आरोहण गरे तर फर्कदा हिउँ हुरीमा परेर तिनको दुखद निधन भयो । केहि दिन पछि तिनको शव काठमाण्डौं आइपुग्यो ।

नेपाली महिलाहरूमा विश्वको सर्वोच्च शिखर सगरमाथा सफल आरोहण गर्ने प्रथम महिला पासाङ ल्हामु शेर्पा भएकोले तिनको शवयात्रामा काठमाण्डौंमा लाखौं जनताले भाग लिए । तिनी सामु सबैले सिर झुकाए । राज्यले पनि विशेष सम्मान गरे, सलामी रकम झण्डै पन्ध्र सय डलर मिनाहा गरे । देश विदेश सबैतिर तिनको जय जय गान गरे । टि.भि., रेडियो, पत्रपत्रिकाहरू, एफ.एम., म्यागाजिनहरूमा विशेष स्थान पाए । सञ्चार माध्यमहरू भनौं सम्पादक र सम्वाददाताहरूले उच्च सम्मान गरे । दसौं लाख नेपाली जनताको पासाङ ल्हामु शेर्पा प्रतिको श्रद्धा देखेर संसार नै चकित परे । पासाङ ल्हामु सेर्पा सगरमाथा आरोहण गर्न जानु भन्दा केहि दिन अघि नेपाल टि.भि.ले लिएको अन्तर्वातामा तिनले सगरमाथाको कठिनाई, आरोहणमा आफ्ना अनुभवहरू, आफ्नो बाल्यकाल, गाउँबस्ती, शिक्षा बारे वर्णन गरेकी थिइन् । सम्वाददाताले एउटा प्रश्न राख्दै भन्यो 'तपाईँ अघी पनि सगरमाथा आरोहण गर्न जानु भएको रहेछ, तर सफल भएनछ । के कारणले तपाई सफल हुनु भएन ? के समस्या आईलाग्यो ?'

'हो, म अघि पनि सगरमाथा आरोहण गर्न गएको हुँ' पासाङ ल्हामु सेर्पाले गम्भीर रुपले भन्दै गईन् 'सगरमाथाको बेस क्याम्प वान, क्याम्प टु सफलतापूर्वक गईयो अन्तिम क्याम्पमा एक जर्मन क्लाईम्बरले मसँग अनुचित माग गरे, अभद्र व्यवहार गरे । साथीको व्यवहार गरेन । जुन कारणले कैले एभरेष्टको सम्मीट लिन सकिन । ....त्यसबेला असफल भए पनि यसपाली सफल हुने कुरामा म दृढ छु ... ।


माथिका शब्दहरू व्यक्त गर्ने पासाङ ल्हामु शेर्पा सगरमाथामा २०५० को जेष्ठ महिनाको दोस्रो हप्तातिर सफल आरोहण त गरे तर हिमाल माताले तिनलाई आफ्नै काखमा राखे । काठमाण्डौंमा त शव मात्र पठाए । काठमाण्डौंको सडकमा लाखौं जनताको शवयात्रा देखेर पासाङ ल्हामुको महिमा उच्च भयो ।

(क्रमशः पृष्ठ ५)

# मैले देखेको १९५ औं विश्व सम्पदा

# इटली मिलानोको डोम

सुरेन्द्र ढकाल



क्याथेड्रलको चुच्चे टावर



चुच्चे टावरको टुप्पामा नेपोलियनको मूर्ति



क्याथेड्रलभित्रको कलात्मक आठकुने भित्री गजुर (Octagonal Cupola)




क्याथेड्रल भित्रको मञ्च (अल्टर)



क्याथेड्रलभित्र जडान गरिएको संगीतयन्त्र (अर्गान)



क्याथेड्रलभित्रको कलात्मक सिसाका झ्याल



डोमअगाडि मित्र कृष्णराज दुलाल



अगाडिबाट हेर्दा मिलानोको क्याथेड्रल र त्यसको चोकमा पर्यटकहरू



मिलानो सहरको एक प्राचीन धारामा पानी पिउँदै सुरेन्द्र ढकाल



मिलानो सहर अवलोकन गर्दै मित्र कृष्णराज दुलाल

सन् १९८५ देखि ८७ सम्म इटलीमा अध्ययन गर्दा इटलीका अन्य सहरहरू घुमे तापनि त्यहाँको औद्योगिक तथा वित्तीय राजधानी मानिने मिलानो घुम्न पाइएको थिएन। सन् २०13 जुलाई ३ को ४ बजेतिर भेनिस सहरबाट मिलानोको रेलवे स्टशन आई त्यहाँको प्रख्यात डोम अवलोकन गर्ने उद्देश्यले ३ किलोमिटर जति सहर पैदलै अवलोकन गर्दै हामी अगाडि बढ्यौं। यसै क्रममा सहरको एक ठाउँमा आइपुग्दा सडकको पेटीमा प्राचिन धाराबाट निरन्तर पानी आइरहेको र मानिसहरूले पानी पिउन भनेर पहेलो कागज गिलास राखिएको देख्यौं। हामी दुवैले एक एक गिलास पानी पियौं र केही बेरको हिँडाइपछि त्यहाँको विश्वविख्यात डोम आइपुग्यौं।

**मिलानोको डोम**

मिलानोको डोम (क्याथेड्रल) रहेको स्थल खासमा सहरको केन्द्रविन्दु भन्दा हुनेरहेछ। यस डोम रहेको स्थलमा सन् ३५५ तिरै सानो एक चर्च रहेछ। सन् ८३६ तिर त्यसै चर्चसँग जोडेर एक वासिलिकाको निर्माण पनि भएको र त्यसलाई सन् १०७५ भएको आगलागीले नष्ट गरेपछि त्यही स्थलमा सन् १३८६ मा आर्कविशप आन्तोनिओ दा सालुच्जोले यस डोमको निर्माण सुरु गरेका रहेछन् जुन कालान्तरमा मिलान क्याथेड्रलको नामबाट चिनिन पुगेको रहेछ। यस क्याथेड्रल निर्माण गर्न जान गालेआच्जो र उनका भतिजा आर्कविशपले ठूलो मात्रामा चन्दा संकलन गरेका रहेछन् र प्रारम्भमा मुख्य इन्जिनियर सिमोने दा ओर्सेनिगोले यस क्याथेड्रल लोम्वार्ड गोथिक शैलीमा इँटाले बनाउने सोचेका रहेछन् तर निर्माण गर्ने क्रम कान्डोग्लियाको खानीबाट कर छुट भएको सिंहमरमर प्राप्त भएको कारण पुरै क्याथेड्रलमा त्यसको प्रयोग भएको रहेछ र सन् १४०२ मा गालेआच्जोको मृत्यु हुँदा क्याथेड्रल निर्माणको आधा काम मात्र सम्पन्न भएको रहेछ। तत्पश्चात् पैसाको अभावको कारण सन् १४८० सम्म यसको निर्माण ठप्प हुन पुगेछ। सन् १४८८ मा महान इटालियन मूर्तिकार लियोनार्दो दा भिन्सी र दोनतो ब्रामान्तेले संयुक्त रुपमा यस क्याथेड्रलको मुख्य भित्री गजुर (central cupola) को डिजाइन गरेकोमा सो अमान्य भएपछि लुदोभिको स्फोर्च्जाले आठकुने गजुर (octagonal cupola) मान्य भई सन् १५१० मा सोको निर्माण सन्तहरूको १५ वटा मूर्ति र आवश्यक भित्री सजावटसहित सम्पन्न गरेका रहेछन्। तर क्याथेड्रलको बाहिरी सजावट र मोहोडा जोभान्नी आन्तोनिओ आमादेओले डिजाइन गरेअनुरुप पुनर्जागरण कालिन सामान्य गोथिक शैलीमा सीमित हुन पुगेछ।

सन् १५५२ मा जाकोमो आन्तेन्यातीलाई यस क्याथेड्रल उत्तरी कुनामा रहेको विशाल संगीतयन्त्र (organ) जडान गर्ने जिम्मा दिइएको रहेछ र जुसेप्पे मेदाले मंच क्षेत्र (altar) लाई ४ वटा बार लगाइ सिंगारेका रहेछन् र जान जोकामोले त्यसको वरिपरि महिनबत्ती ठड्याउने candelabrum जडान गरिदिएका रहेछन्।

पछि १७ औं शताब्दिमा कार्लो वोर्रोमेओ र त्यसपछि पेलेग्रिनी आर्कविशप भएपछि यस क्याथेड्रलको अगाडिको मोहोडालाई गोथिकबाट रोमन इटालियन शैलीमा रुपान्तरण गरी ५ ढोका (Portal) र बीचका दुई झ्यालहरूको निर्माण भएको रहेछ। तर सन् १६४९ मा कार्लो बुच्जी नयाँ आर्किटेक्टले क्याथेड्रलको मोहोडालाई पुनः पुरानै गोथिक शैलीमा रुपान्तरण गरी क्याथेड्रलको छत छोप्ने काम भएको रहेछ।

सन् १७६२ मा मादोनिना भनिने १०९ मिटर अग्लो चुच्चे टावर (Spire) क्याथेड्रलको मुख्य अंशको रुपमा खडा गरिएको रहेछ। सन् १८०५ को मे २० तारिखका दिन फ्रान्सका नेपोलियन बोनापार्टलाई इटलीको समेत सम्राट घोषणा गर्ने क्रममा क्याथेड्रलको मोहोडालाई वास्तुविद पेल्लीकानीले फ्रान्सकै खर्चमा सिंगारी चुच्चे टावरको टुप्पामा इटालियन वादशाहको रुपमा नेपोलियनको मूर्ति ठड्याएछन्। पछि सन् १८२९ पछि क्याथेड्रलमा क्रमशः पुराना झ्यालहरूमा कलापूर्ण शिशाका खापा जडान गरिएका रहेछन्।

दोस्रो विश्वयुद्धताका भएको बम प्रहारको कारण केही क्षतिग्रस्त भएको भागको पुनर्निर्माण र क्याथेड्रलको अन्तिम प्रवेशद्वारको निर्माण सम्पन्न भएपश्चात् सन् १९६५ को जनवरी ६ तारिखको दिन यस क्याथेड्रलको औपचारिक उद्घाटन भएको रहेछ। पछि सन् २००३ देखि ६ वर्ष लगाएर क्याथेड्रलको मुख्य मोहडा जिर्णोद्धार गरी सिंहमरमरलाई चम्काउने कार्य भएको रहेछ। सन् २०१२ देखि यस क्याथेड्रललाई निरन्तर संरक्षण गर्न भनी चन्दा उठाउने क्रममा चन्दादाताहरूको मूर्ति क्याथेड्रलको चुच्चे टावरमा ठड्याउने अभियानस्वरुप एकलाख युरो जम्मा गरिएको रहेछ। हामी करिब एक घण्टाजति यस डोम क्याथेड्रलभित्र बिताई पुनः रेलवे स्टेशन पुगी करिब ५ बजेतिर हामी स्वीटजरलैण्डको किआस्सोतर्फ लाग्यौं।

व्यक्तित्व

# इतिहासको कठघरामा केपी ओली-४



**खगेन्द्र ढकाल**

### ललिता निवास जग्गा प्रकरण

प्रधानमन्त्री निवास सँगै जोडिएको करिब ११३ रोपनी क्षेत्रफल भएको बालुवाटारको सरकारी जग्गा लाई किर्ते मोही खडा गरी विभिन्न व्यक्तिका नाममा लालपूर्जा बनाई जग्गाका मालिक बनाइयो। ललिता निवास प्रकरणबाट चिनिने यो मामिला लाई छानविन गर्न अख्तियार दुरुपयोग निवारण आयोगले पहल गऱ्यो। मन्त्रीस्तरिय क्याविनेट बैठकवाट पारित भई अघि बढेको यो प्रकरणमा तत्कालिन प्रधानमन्त्री माधव कुमार नेपाल, पूर्वमन्त्रीहरू विजय गच्छदार, मन्त्री चन्द्रदेव जोशी र डम्बर श्रेष्ठ देखि सचिवहरू लगायत विभिन्न कर्मचारी सहित १७५ जना यस प्रकरणमा दोषि पाइएको छ। आफ्नै विश्वासपात्र र पार्टिका उपमहासचिव विष्णु पौडेल समेत तानिन सक्ने यो विषयमा प्रवेश गर्नु कम चुनौतिपूर्ण काम थिएन। पूर्व अख्तियार प्रमुख एंव पूर्व सचिव दीपबहादुर बस्नेत एवं विचौलियाका नाइकेहरूलाई गिरफ्तार गरीएका कदमहरूबाट भ्रष्टाचार गर्नेले सजाय भोग्नु अवश्यम्भावी छ भन्ने कुराको प्रत्याभुति गराएको छ। यद्यपी यो प्रकरण कसरी अघि बढ्छ र सम्पूर्ण दोषीहरू सजायको दायरामा आउँछन् भन्ने कुरामा शंसय छ।

### दक्षिण एशियाली खेलकुद (SAG)

२०७२ सालको महाभूकम्पले क्षत-विक्षत अवस्थामा तेऱ्हौं दक्षिण एशियाली खेलकुदको कार्यक्रमस्थल दशरथ रंगशाला थियो। यत्तिकैमा संसारको एक तिहाई जनसंख्या समेट्ने र क्षेत्रीय ओलम्पिक भनी चिनिने दक्षिण एशियाली खेलकुद आयोजना हुने मिति तोकियो। हतार हतारमा प्यारापिट जिर्णोद्धार गर्ने, मैदानमा भारतबाट ल्याइ घाँसे कार्पेट विछ्याउनुपर्ने, खेलाडी प्रशिक्षण दिनुपर्ने इत्यादि काम सम्पन्न गर्नु कम चुनौतिपूर्ण थिएन। खेदकूद परिषदका सदस्य सचिव रमेश सिल्वालको नेतृत्वमा कुशलताका साथ तेऱ्हौं दक्षिण एशियाली खेलकुद सम्पन्न गऱ्यो। नेपालले ५२ वटा स्वर्णपदक जिती नयाँ इतिहास रच्न सफल भयो।

### सामाजिक सुरक्षा कोषको अवधारण

नेपालमा संचयकोष र उपादान जस्ता सुविधा पाउँन सरकारी सेवा वा बैंकहरूमा जागिरे हुनु पर्छ भन्ने परम्परागत मान्यतालाई चिर्दै ओलीले सामाजिक सुरक्षा कोषको अवधारणलाई सुत्रपात गरे। यस अवधारणालाई पालना गर्न सम्पूर्ण राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, उद्योग, व्यापारिक प्रतिष्ठान इत्यादि लाई आह्वान गरिएको छ। हाल पाँच लाख भन्दा बढी नेपाली नागरिकहरू यस सामाजिक सुरक्षाकोषको कार्यक्रममा आवद्ध भई लाभान्वित भइरहेका छन्। यो कार्यक्रम लागु भए यता धेरै नेपालीलाई आफ्नो कामबाट निवृत भइसकेपछि पनि केही पाउन सक्ने आशाले आफ्नै देशमा काम गर्न प्रोत्साहन दिने र विदेशिने मानसिकतालाई रोक्न सघाउ पुऱ्याउने समेत विश्वास गरिएको छ।

### शान्ति सुरक्षाको प्रत्याभुति

२०६३ को शान्ती सम्झौताको पश्चात पनि असुरक्षा एवं त्रासमय वातावरण व्याप्त थियो। तराईमा पहाडी मुलका मानिसहरू बस्न सहज थिएन। २०७४/७५ को चुनावताका सम्म यस्तै परिस्थिति हावी हुँदा एमाले जस्तो शक्तिशाली पार्टीले समेत मेची-महाकाली ऱ्यालीमा भएको अवरोधका कारण उक्त ऱ्याली पुरा गर्न सकेन। ओली सरकार गठन पश्चात तराइमा सुरक्षामा सुधार आयो। कैलालीकी किशोरी निर्मला पन्त को निर्मम हत्या पछि हत्याराको निर्क्यौल गर्न नसकेको अवस्थाका बिच बैतडी मा किशोरी भागिरथीको हत्या प्रकरण भयो। डि.आई.जी. उत्तमराज सुवेदी घटना स्थलमै दुई हप्ता सम्म बसी अपराधिलाई समात्न सफल भए। यस कारवाही पश्चात उच्छृखल र अराजक गतिविधिमा संलग्न हुनेहरूमा प्रहरीको



त्रास साथै सर्वसाधारण जनतामा सुरक्षाको अनुभुती बढेको पाइयो। विप्लव पार्टी प्रति कठोरता र सि के राउतको पार्टी प्रति नरम हुने रणनितीले समेत शान्ती सुरक्षाको अवस्थामा सुधार ल्याएको महसूस भयो।

### वालवालिका, युवा र बृद्धहरूको पक्षपोषण

केपी ओलीले वालवालिका लाई प्राथमिकतामा राखी नेपाललाई सडक बालबालिका मुक्त देशका रुपमा स्थापित गर्ने प्रयास गरे। यत्रतत्र युवतीहरूमाथी एसिड छर्ने र मुहार लगायत अन्य अंग जलाउने क्रम बढिरहेको अवस्थामा एसिड आक्रमण गर्नेलाई कडा कारवाही गर्ने र पिडितलाई रोजगारी लगायतका सुविधा र संरक्षण प्रदान गर्ने कानुन नै बनाए। त्यस्तै गरी बृद्धाहरूको भत्ता थप गरी बृद्धहरू समेतको मन जित्न सफल भएका छन्।

### अन्तर्राष्ट्रिय सम्बन्ध

केपी ओली प्रधानमन्त्री भएको छोटो समय भित्रै तीन महत्वपूर्णे कामहरू सम्पन्न भए विमिष्टेक सम्मेलन, मोदीको नेपाल भ्रमण र सि जिन पिङको नेपाल भ्रमण। लामो समय अर्थात १७ वर्ष देखि कुनै पनि भारतिय प्रधानमन्त्रीले नेपाल भ्रमण नगरी रहेको अवस्थामा केपी ओली प्रधानमन्त्री भएको अवधिमा मात्र प्रधानमन्त्री नरेन्द्र मोदीले चार पटक नेपाल भ्रमण गरे।

दक्षिण पूर्वी एशियाका आठ राष्ट्रहरूको विमिस्टेक सम्मेलन सफलतापूर्वक नेपालमै सम्पन्न गरी उक्त मुलुकहरूसँग प्रगाढ सम्बन्ध बनाउने अवसरको फाइदा नेपालले उठायो। मित्र राष्ट्र चीनका राष्ट्रप्रमुख सि जिन पिङ को राजकिय भ्रमण ओली सरकारको प्रमुख उपलब्धी रह्यो। यो चिनिया राष्ट्रप्रमुखको २३ वर्ष पछिको नेपाल भ्रमण थियो।

यस भ्रमणमा चीनले नेपालमा केरुङ-काठमाण्डौ र काठमाण्डौ-पोखरा-लुम्बिनी जोड्ने रेलमार्गको सम्झौता सम्पन्न भयो। नेपालले चीनका पाँचवटा र भारतका दुई बन्दरगाह प्रयोग गर्न पाउने सम्झौता गऱ्यो र नेपाललाई भूपरिवेष्ठित बाट भूजडित राष्ट्रका रुपमा रुपान्तरण गर्ने काम भयो। भारतले 'चाइना कार्ड' को रुपमा नङ्ग्याउन खोजेपनी ओलीले अटल भई ठूला छिमेकीका बिचमा रहेका साना देशहरूले कसरी आफ्नो स्वतन्त्रता र स्वाभिमान जोगाउँदै आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भन्ने 'ओली डक्ट्रिन' स्थापित गर्न सफल भए। *क्रमशः*

नियात्रा

# स्मृतिको क्यानभासमा नयाँ रङ-४

✍ **रामप्रसाद पन्त**

आज कार्तिक १० अर्थात २७ अक्टुबर २०१५।

ढोक ढकढक्याएको आवाजले हामी उठेका थियौं तर ढोका ढकढक्याउनेको गल्ती थिएन, गल्ती थियो भने हाम्रै थियो। हामीले 'सातै बजे कफी ल्याउनू' नभनेको भए बियराले हाम्रो प्रातःकालीन मीठो निद्रा बिगारिदिने थिएन।

हाम्रो छ जनाको टोली दुई कोठामा बाँडिएको थियो। पल्लो कोठाका साथीहरूलाई पनि सायद हामीलाई जस्तै भए होला! किनभने हिजो राती हामी सँगै सुतेका थियौं। हामी थियौं– मोहन कायस्थ, राधेश्याम लेकाली, पवन आलोक, रामबाबु सुवेदी, सुमन ताम्राकार र यो पङ्क्तिकार।

हिजो देहरादूनबाट आएर हामीले मसुरी नगरीको करिब करिब पश्चिमी कुनो चुमेका थियौं। होटल बुक गरिसकेपछि हामीले डिनरको अर्डर गरेर बाहिरिएका थियौं र बजारको रमिता हेर्दै इन्दिरा गान्धी चोक पुगेका थियौं। त्यस चोकमा एउटा मञ्च पनि रहेछ। त्यस मञ्चमा समय सन्दर्भ अनुसार राजनीतिक, साहित्यिक र सांस्कृतिक कार्यक्रमहरू पनि हुँदा रहेछन्।

हामी त्यहाँ पुग्दा भीड जम्मा भएको थियो र राजनीतिक भाषण र नाराबाजीहरू पनि भइरहेका थिए। त्यो भीड प्रधानमन्त्री नरेन्द्र मोदी विरुद्धको थियो। नारा लागेका थिए– 'महँगी रोटी महँगी दाल, मोदी हो गए मालामाल।'···नरेन्द्र मोदी होशमे आओ, होशमे आओ होशमे आओ।' त्यसै चोकमा उत्तरप्रदेशबाट उत्तराखण्ड छुट्याउने सन्दर्भमा आन्दोलन हुँदा सहिद हुनेहरूको सूचि पनि शिलालेखमा कुँदेर राखिएको थियो। र, जसको नाममा चोकको नाम राखिएको थियो ती विख्यात पूर्व प्रधानमन्त्री इन्दिरा गान्धी अर्धकदको मूर्ति पनि प्रतिस्थापित गरिएको थियो।

त्यहींबाट केबुलकारको लाइन गुनहिलसम्म तन्किएको रहेछ। धेरै लामो रहेनछ केवुलकारको लाइन, मात्र पाँच मिनेटको गन्तव्य। हिँडेर जाँदा चालीस मिनेट। हेर्दै थिएँ, एउटा बोर्डमा पुगेछन् मेरा आँखा। थाहा लाग्यो मसुरी १८८० मिटर उचाइमा बसेको रहेछ र त्यहाँबाट बद्रीनाथको दूरी १३० किलोमिटर पर्दो रहेछ।

हामी त्यहाँबाट पनि अझ अगाडि बढेका थियौं। त्यस्तो भिरालो डाँडोको पाखोमा घरैघर देखेर म कौतुकान्वित भएको थिएँ। बाटो मुनि खसिएला जस्तो भीरमा घरैघर र माथि पनि ढलेर च्यापिएला जस्तो गरी उभिएका घरैघर।

हामी बजारमा फैलिएका सामान र बिजुलीको झिलिमिली हेर्दै परै पुगेछौं– इन्द्रमणि बडोनी चोकसम्म। त्यस चोकमा सातवटा धाराहरूखसिरहेका थिए। स्पष्ट थियो, ती वास्तवमा खसिरहेका थिएनन्, खसाइएका थिए। अर्थात् ती कृत्रिम धाराहरू थिए।

वाह! हेर्न लायक दृश्य त त्यहाँ पो रहेछ। कति नजिक दून प्रदेश! हामफाल्यो भने देहरादून




बजारमाखसिएलाजस्तो। ३३ किलोमिटर बाटो हामी कति घुमेछौं र कति उचाइमा आएछौं त! हामी दूनप्रदेशको सुन्दर दृश्यमा लठ्ठिएका थियौं र एकछिन चुपचाप बसेका थियौं दूनको दृश्य हेरेर। चिसो हावा सर्सराउन थालेपछि भने हामी फर्केका थियौं।

स्विटर र ज्याकेट किन्न मन लागेको थियो हामी सबैलाई तर महँगो लागेको थियो। किन्न मनले मानेन। मसूरीको एउटा प्रतीक चिह्न त लैजानै पर्छ भनेर मैले धुइँधुइँती खोजेको थिएँ सोकेसमा राख्ने उपयुक्त सामान। 'मसुरी' लेखिएको प्रतीक चिह्नकेही पनि फेला परेको थिएन। आखिर मैले ढाड कन्याउने एउटा काठको सामान किनेर चित्त बुझाएको थिएँ। लेकालीले भने एउटा ज्याकेटै किनेर बहादुरी देखाएका थिए। सायद अरु साथीहरूले पनि सानातिना सामानहरू किने होलान्! तर वहुमूल्य वस्तु कसैले किनेका थिएनन्।

यी थिए हिजो बेलुकाका कुरा।

तर आजको प्रातः काल?

अहिले हामी बेडकफी खाँदै दूनप्रदेशतिर दृष्टि लगाउँदै छौं तर हिजो बेलुकाको झिलिमिली अहिले बिलुप्त भइसकेको छ। अहिले त हुस्सुले ढपक्कै ढाकेको छ दूनप्रदेशलाई। माथिमाथिसम्म मसूरीका पखेराहरू देखिँदै छन्। तलदेखि माथिसम्म घर र परदेखि वरसम्म बजार देखिँदै छ। मसूरी सहरभन्दा परको कुनै दृश्यावलोकनमा जाने हाम्रो योजना पनि छैन र समय पनि छैन।

मलाई जान मन लागेको ठाउँ थियो– झरीपानी। जुन नाम मैले काठमाडौँमै सुनेको थिएँ। देवशम्सेर सत्ताच्युत भई लखेटिएर धनकुटा पुगेको केही समयपछि नै उनी भारतको मसूरी पुगे। र, बाँकी जीवन त्यहीँ बिताए। उनको दरबार मसूरीको झरीपानीमा थियो। मसूरीसँग देव शम्सेरको यति सम्मोहन थियो कि उनले एउटा छोराको नाम मसूरी शम्सेर राखेका थिए। त्यो झरीपानी कहाँ पर्छ होला! र दरबारको अस्तित्व अहिले छ कि छैन होला!

मसूरीमै बसोबास गर्ने नेपाली मूलका डम्बर खत्रीसमक्ष मैले जिज्ञासा राखेको थिएँ। उनले भनेका थिए – 'तीन/चार किलोमिटर होला! तर अहिले दरबारको अस्तित्व मेटिएर त्यस ठाउँमा फायर लन प्यालेस (होटल) सञ्चालनमा आएको छ। देवशम्सेरका सन्तानहरू अहिले त्यहाँ नबसेर देहरादूनमा बस्छन्।'

बिहानको चिसोमा हामी बजार निस्कने पनि आँट गरेनौं। टाढा जाने उद्देश्य पनि भएन। कुरा उठ्यो भूकम्पको। हेरिहालौं न त टेलिभिजन, के भन्दो रहेछ! सौभाग्यवश उत्तराखण्डमा भूकम्पले खासै क्षति पुऱ्याएनछ।

एकैछिनमा अखबार आयो कोठैमा– दैनिक जागरण। अठार पेजको अखबार। टाउकामा लेखिएको थियो– 'विश्वका सर्वाधिक पढाजानेवाला अखबार।'

अचम्म लाग्यो– सर्वाधिक पढिने अखबार! मैले पहिलोपटक सुनेको अखबार, सर्वाधिक पढिने ....? त्यो पनि विश्वमै?

म मूर्ख हुँ कि अखबारको सम्पादक?

खोई को हो को?

जे होस् २७ अक्टुबर २०१५ को त्यस अखबारले लेखेको थियो– हिन्दूकुश पर्वतमा केन्द्रविन्दु भएको भूकम्पले सम्पूर्ण हिन्दूकुश पर्वत शृङ्खलामा धावा बोल्यो। हिजो दिउँसो २:४० मा गएको भूकम्पले राती बाह्र बजेसम्मको रेकर्ड अनुसार २५० भन्दा बढीको ज्यान लियो। २१२ किलोमिटर जमिनमुनिबाट ४० सेकेन्ड गएको सो भूकम्पले सुप्रिम कोर्टको सुनुवाई २० मिनेट रोकियो, दिल्लीको मेट्रो ट्रेनपनि केही समय रोकियो। सर्वाधिक क्षति पाकिस्तानको खैबर प्रान्त र अफगानिस्तानको तखार प्रान्तमा भयो।

भूकम्पको केन्द्रविन्दु काबुलबाट २५४ किलोमिटर उत्तर-पूर्व हिन्दूकुश पर्वत भएको र अमेरिकी जियोजिकल अनुसार ७.५ रेक्टर मापन गरिए पनि देहरादूनको धक्काको मापन ४.९ रेक्टर स्केल रहेको कुरा पनि अखबारले बतायो।

अखबारले सम्भाव्य महाभूकम्पको समाचार प्रकाशन गरेर थप त्रास फैलाइदियो– हिन्दूकुश पर्वतको कतिपय ठाउँमा सन् १२५५ देखि भूकम्प नगएको कारण भूसतहमा सञ्चित ऊर्जा बाहिर निस्कन सकेको छैन। तसर्थ उत्तराखण्डको रामनगर, हिमाचलको काँगडा र नेपालको अछाम क्षेत्रमा जुनसुकै बेला पनि ८ देखि ९ रेक्टरस्केलसम्मको भूकम्प जान सक्छ।

समाचार पढेर म हैरान भएँ र सम्झें मित्र अर्जुन विरक्तिलाई। नेपालमा महाभूकम्प गएको लगत्तैपछि उहाँले घनमूल पद्धतिको आधारमा गणना गरेर भन्नुभएको थियो– '२०७२ साल वैशाख १२ गते गएको महाभूकम्पको पराकम्पन क्रमशः पूर्वतर्फ लागेर दक्षिण-पश्चिम र उत्तर हुँदै २०७३ जेठ १९ सम्म एक फन्को मार्छ। तबसम्म ४ म्याग्नेच्युटभन्दा कम समेतको पराकम्पन संख्या ६३३९ पुग्छ। त्यसपछि प्रकृतिमा उतारचढाव आइरहन्छ। पानी पर्ने ठाउँमा पानी पर्दैन, नपर्ने ठाउँमा पर्छ। पृथ्वीमा हलचल भइरहन्छ। र ३४ वर्षको बीचमा पृथ्वीमा सानोतिनो प्रलय नै हुन्छ। विश्वमा आधा मानिस मर्छन्।'

*(क्रमशः)*

समीक्षा

# "पशुक्रान्ति" ले उठान गरेका अर्थपूर्ण सवालहरू



• **गोपीकृष्ण प्रसाईं**


पूर्वी नेपालको तेह्रथुम जिल्लामा जन्मिएर बेलायतलाई कर्मथलो बनाउँदै आएका पुन्यप्रसाद सुवेदी एक सिध्दहस्त लेखक अनि राम्रा साहित्यकार हुन्।

पशुक्रान्ति उपन्यासमार्फत सुवेदीले पशु विद्रोह, पर्यावरण असन्तुलन अनि ईश्वरीय सृष्टिमा पशुप्रति मान्छेले गरेको क्रुर व्यावहार,निर्मम प्रहार, पल पलको हिंसा, उनीहरूबाट प्रकट भएको हृदय हल्लाउने चित्कार अनि रोदनका स्वरहरूलाई अत्यन्तै कलात्मक रूपमा प्रस्तुत गरेका छन्। मानवीय मूल्य मान्यताभित्र स्खलित भइरहेको दया र करुणाको विभत्स रूपको समेत सुवेदीले चित्रण गरेका छन्। सुवेदीको कलात्मक प्रस्तुति अनि अविरल लयहरूले पाठकहरूको मन तानिरहेको हुन्छ।

हाम्रा संस्कृति, धर्म, आचरण अनि राजनीतिका अनेकौं भङ्गिमाहरूमाथि पनि लेखकले गहन प्रश्नहरू उठाएका छन्। यिनै बिषयवस्तुहरूको वरिपरि घुमेर मान्छेले पशुमाथि गरेको अन्याय अनि त्यसले उत्पन्न गरेका विकराल अनि विकृत रूपहरूलाई लेखकले राम्रैसँग केलाएका छन्, अर्थ्याएका छन्। लेखक यस उपन्यासको रचनागर्भलाई मार्मिक रूपमा उभ्याएर यो भवसागरको आश्चर्यजनक अनि आध्यामिक दुनियाँमा प्रवेश गर्दै चेतनाको ज्ञानफल प्राप्त गर्नका लागि अनेकौं स्वप्निल उपलब्धि, ईश्वरीय ध्वनि र साधनाका अलौकिक पथहरूलाई पछ्याउँदै हिँडेको दृश्य लोमहर्षक छ र मायावी चाल र गति अत्यन्तै उत्साहजनक छ अनि यो एउटा पृथक कार्यको आरम्भझैं लाग्छ।

यसरी अर्को लोकमा प्रवेश गरेर आत्माहरूको क्रन्दन अनि हृदयका मर्महरूको सार टिप्दै लेखकले अतिनै लालित्यपूर्ण रूपमा स्वैर कल्पनाको बहुरंगी प्रयोग गरेर उपन्यास रोचक बनाएका छन्।कथा बेलायत, भारत,नेपाल हुँदै अन्तरिक्ष र काल्पनिक आत्मालोकसम्म तन्किएर गएको छ। निर्धो, दुब्लो, कमजोर र सोझो, सरल पशुको चिरहरण गरेर आफू सभ्य र देवदूतको रूपमा धर्तीमा अवतरित मानवको नग्न नृत्य र नौटंकीलाई पशु आत्माहरूको क्रन्दनबाट निक्लिएका हृदय हल्लाउने संगीतका विरही धुनहरूले गिज्याइरहेको भान हुन्छ।

सिलसिलेवार रूपमा प्रस्तुत गरेका पशु आत्माहरूको वार्तालाप अनि मानवका राक्षसी अवतारहरूको कुकृत्यहरू लेखकले विस्तृत रूपमा प्रस्तुत गरेका छन्।पशुहरूको पनि आत्मा हुन्छ।उनीहरूमा पनि मिलन छ, खुसी छ, आपसी प्रेम र सुखको अनुभूति छ। यो धर्तीमा मान्छेजस्तै आनन्द नपाए पनि धर्तीले दिएको सुखमा पशु रमाएको हुन्छ। उसले अपार अनि कठिन मेहनत गरेर गुजारा गरेको हुन्छ।स्वतन्त्र रुपमा विचरण गर्न पाउँदा रमाएको हुन्छ तर मान्छेले त्यो खुसी कायम हुन दिँदैन। अत्याचारका अनेकौं श्रृङखलाहरूले पशुमाथि क्रुर दमन र बर्बर यातना गर्छ। उसको खाने, जिउने, बोल्ने हकलाई मार्छ। उसको प्रेम गर्ने हकलाई मार्छ। उसको पारिवारिक खुसीलाई छिन्नभिन्न पार्छ। लेखले यसरी पशुमाथि मान्छेले गरेको हिंसा अनि हृदयहीन कर्तुतको भन्डाफोर गरेर सारा ईश्वरीय सृष्टिमाथि र सृष्टिकर्तामाथि अनेकौं प्रश्नहरू उठाएका छन्। यसरी प्रश्न उठाउँदै गर्दा निरीह, कमजोर, गरिब र लाचार र हृदयहीन मान्छेहरूले गरेको शोषण, दमन र बर्बरताका अनेकौं चित्रहरू पाठकको मथिंगलमा फनफनी घुम्न थाल्छन्। भलै पशुकोअधिकार र संरक्षणको खातिर लेखकले तयार गरेको यो उपन्यास भए पनि यही धर्तीभित्र लिंगीय, जातीय, वर्गीय अनि वर्णका साथै सामाजिक र राजनीतिक रूपमा भएका अनेकौं हत्या, हिंसाका घटना, परिघटना अनि कहालीलाग्दा कालखण्डहरूको




सांकेतिक उपस्थितिले यो उपन्यास पढ्दै गर्दा पाठकलाई प्रतिकात्मक झटारो आएको भान हुन्छ। उपन्यासले निरीहता, विवशता र लाचारीपनको फाइदा उठाएर राक्षसी आत्माहरूको उदण्ड क्रीडाको सपाट भन्डाफोर फरेका छ्न। औपन्यासिक पात्रको रूपमा अनेकौं पशुहरूलाई उभ्याएर धर्तीका सबै चेतनशील मान्छेहरूको कुकर्म अनि ईश्वरको लाचारीपन र उनले दिने न्यायमाथिनै प्रश्न उठाएका छन्।

पशु अधिकारको प्रश्न आज धर्तीको जल्दोबल्दो प्रश्न हो। बलीको नाममा, भोजनको नाममा, स्वादको नाममा, पैसाको नाममा, अहंकारको नाममा, मनोरञ्जनको नाममा हृदयहीन खलपात्रहरूले यी धर्तीका प्राणीमाथि गरेको प्रहारले सबैको मन छुन सकोस्। ध्यानाकृष्ट गर्न सकोस्। कपुतहरूको मन अनि छाती फराकिलो हुन सकोस् र चेतना पुञ्जहरूमा कालो धब्बा नलागोस् भनेरनै लेखकले यो उपन्यास तयार गरेका हुन्। लेखकका अनुसार जनावरमाथि हुने क्रुरता र उनीहरूको हक अधिकारको रक्षाको खातिर नेपालीमा लेखिएको यो पहिलो उपन्यास हो। वियोगान्त प्रेम कथाका अविराम श्रृङखलाहरूले पटक पटक सबैको हृदय हल्लाउन सक्ने यो उपन्यास धेरै कला र लयले उम्दा बनिएको छ।

उपन्यासमा मान्छेले पशुमाथि थोपरेका पीडाहरूमात्र छैनन्, धर्तीका पूर्व र पश्चिम चारैतिर मान्छेहरूकै बीचमा पशु कल्याण अनि संरक्षणका खातिर उर्लिरहेका स्वरहरूको उम्दा प्रतिनिधित्व पनि छ, अर्थात मान्छेहरूभित्र पनि जतातते दैवत्व सल्बलाइरहेको अवस्था छ। त्यही सिलसिलामा पश्चिमको एक पात्र डेबिड र पूर्वका ज्ञानी तपस्वी ऋषिको संयुक्त प्रयास, अब्बल साधनाको रोचक कहानी छ उपन्यासमा। उपन्यासका मुख्य पात्रमा पर्ने यी दुबै सज्जनहरू पशु प्राणीको उद्धारका निमित्त सचेत मनले लागेका छ्न। पशु प्राणीलाई सबल बनाउन यिनीहरूले गरेको कठोर संघर्ष र सार्थक प्रयासलाई लेखकले चमत्कारिक रूपमा प्रस्तुत गरेका छन्, जुन रूपमा प्रस्तुत गरेपनि पशु उपकारका खातिर पूर्व अनि पश्चिममा गुन्जिने करुण मानवीय क्रन्दन, समवेदना र पुकारहरू एउटै हुन्छन् भनेर लेखक स्पष्ट भएका छन्।

पशुलाई मार्न, सिध्याउन र प्रयोग गर्न मात्र होइन, उनीहरूको श्रम, खुसी र सुखलाई समुचित सम्वोधन गर्ने पनि त मान्छे छन् भनेर उपन्यासले उद्घाटन गरेको छ। वास्तवमा मान्छेभित्रकै अविवेकी, असहिष्णु, स्वार्थ र नशाका घृणित अनि अवान्छित चाहनाका पहाडहरूको कारण ऊ भित्रबाट हिंसा र दमनका श्रृङखलाहरूले निरन्तरता पाएको हो। पशुहरूमाथिको निन्दनीय, विभत्स हमलाको नौटंकी मान्छेले बन्द गर्नुपर्छ अब।

जतातते, धर्मका नाममा, सत्कार अनि सभ्यताका नाममा पशुको आत्मालाई तेजोबध गर्ने काम बन्द गर्नुपर्छ अब। पशुको आत्माभित्र मुस्कुराइरहेको फूललाई लछारपछार गर्ने प्रवृतिको अन्त्य गर्नुपर्छ अब। पशुहरूको आत्मालाई निमोठ्ने प्रवृति बन्द गर्नुपर्छ– हो यही अभियानमा लागेका छन् डेबिड र ऋषि पात्रहरू। उनीहरू यस अभियानमा धेरै हदसम्म सफल भएका छन्। ज्ञान फल ल्याउन सफल भएका छन्। पशुहरूलाई सांगठनिक रूपमा मजबुत बनाउन सफल भएका छन्। पशुलाई आफ्नो अस्तित्वबोध गराउन सफल भएका छन्। यो सफलता अब उपन्यासमा मात्र सफल भएर हुन्न, यसलाई यथार्थमा परिणत गर्ने बेला आएको छ। धर्तीका पशुहरूमा खुसी छर्ने बेला आएको छ। मान्छेले यो अवसर गुमाउनु हुन्न, मान्छे भगवान हुनबाट टाढिनु हुन्न। पशु अधिकारका निम्ति संसारभरिका मानवीय संवेदनशील आवाजहरू मुखरित हुने बेला आएको छ। मान्छेले आफूभित्रको दानवीयपन हटाएर पशुलाई माया गर्नुपर्छ, पशुबिना मान्छेको अस्तित्व कस्तो होला? पशुबिना मान्छेको संसार कस्तो होला ? त्यसैले पशुलाई माया गरौं, उसको हाँस्ने, खेल्ने, जिउने र रमाउने अधिकारको रक्षा गरौं, उपन्यासको मूल आशय पनि यही हो।

साहित्यकार सुवेदी पशुहरूको अवचेतन अनि पीडित मनहरूमा पसेर उनीहरूको दर्द अनि छट्पटीका आवाजहरूलाई बाहिर ल्याउन सफल भएका छन्। पशुहरूले आफू सचेत भएर आफ्नो पीडाको बदला लिन मानव सत्तामाथि धावा बोले भने के होला? आफ्नो समुदायको हिंसा गर्ने मानव सत्तालाई ढाल्न अनेक योजनाहरू बनाउन थाले भने के होला? आफूमा बुद्धि छ, शक्ति छ भन्दैमा यो धर्तीका सुन्दर सृजनाहरूमाथि अनेकौं रूप र शैलीमा गरेको हिंसा त पाखन्डपन र दानवीय प्रवृतिको पराकाष्ठा पनि हो।

मान्छे आफूलाई संसारको सर्वोत्तम प्राणी सम्झिन्छ। यो कुराको अब विवेचना गर्ने बेला आएको छ। पशुको संहारक मान्छे हो भने अब उद्धारका निम्ति उसैले अघि सर्नुपर्छ, पशुहरूको मनमा मुस्कान भर्नुपर्छ, पशुहरूको जिजीविषामा उमंग भर्नुपर्छ, पशुपन्छीहरूलाई अत्यन्तै उदार मन र सचेतना अनि संवेदनाका साथ माया गर्नुपर्छभन्ने सन्देशमूलक एवम भाव प्रवाह प्रचुर रूपमा प्रयोग भएको यो उच्च कोटीको उपन्यासले पशुको संरक्षण, पर्यावरण सन्तुलनको लागि नयाँ तरंग ल्याउने कुरामा दुईमत छैन। लेखकको कल्पनशीलता अनि लालित्यपूर्ण प्रस्तुतिले सबैको मनमा मीठो झंकार, सुन्दर मिठास एवम नयाँ तरंग पैदा गराउनेछ। सुवेदीलाई यो सुन्दर उपन्यासका लागि हार्दिक बधाई अनि असंख्य शुभकामना !!!

# प्रणय दिवसमा एउटा यस्तो प्रेम कहानी



विष्णु भट्टराई

१४ फेब्रुअरी अर्थात् प्रेम दिवस। भ्यालेन्टाइनले प्रेमका निम्ति जीवन उत्सर्ग गरेको दिन। दुनियाँलाई प्रणय जीवनको महत्व बताएर कहिल्यै नफर्किने गरी भ्यालेन्टाइनले धरती छोडेको दिन।





मेरी एने इभान्सको प्रेम कहानी पनि यस दिन सम्झन लायक छ। उनी इंग्ल्यान्डको युनिएटन नामक ग्रामीण बस्तीमा जन्मिएकी थिइन्। उनका बाबु पाउरोटी बेचेर परिवारको गर्जो टार्थे। मेरी राम्री भने थिइनन्। फुस्रो वर्ण, घोक्रिएको ठूलो नाक, टाँसिएको कपालले उनी कुरुप देखिन्थिन्। यद्यपि उनी सोझी थिइन्। उनका बालसखा हेनरी लिघ उनका बारेमा यसो भन्थे, मेरी अत्यन्त नराम्री विरुप थिइन्, उनको अनुहार घोडाको जस्तो थियो। मेरी र हेनरी साथी भएर पनि प्रेमबाट टाढा हुनुको कारण सायद मेरीको कुरुपपना नै थियो। उनको बिरुपबारे उनकै आफ्नै बहिनी एलिसिया समेत भन्थिन्, मेरीको रुप ढुसी परेको च्याउ जस्तै थियो।

मेरीको स्वभाव पनि अरुभन्दा फरक थियो। कहिले उनी खेतमा बसेर विरक्तका गाना गाउँथिन् त कहिले भाइसँग झगडा गर्दै लाप्पा खेल्थिन्। हातमा पुतली लिन्थिन् र त्यो पुतलीको टाउकामा निर्दयी भएर किला ठोक्थिन् अनि फेरि त्यसैलाई छातीमा टाँसेर रुन्थिन् उनी। जब उनी किशोरी वयमा उक्लिन् उनले धार्मिक किताब पढ्न थालिन्। जर्मन संगीतको अध्ययन र कवि विलियम वर्डस्वर्थका कविता पढ्नतिर उनको रुचि बढ्यो। चर्च र धार्मिक सभामा पनि मेरीको उपस्थिति बढ्दै गयो। उनी धार्मिक कट्टरपन र रुढीवादको कडा आलोचकका रुपमा देखा परिन्। तार्किक क्षमताकी धनी थिइन् उनी। ठूला दार्शनिकहरूका तर्क र विचार प्रमाणका रुपमा पेश गर्थिन् उनी। पुरुषतर्फ उनको आकर्षण पटक्कै थिएन। सारा हेन्नेल लेखिका थिइन्। उमेरमा सारा मेरीभन्दा सात वर्ष जेठी थिइन्। सारासँग नजिकिइन् मेरी। मेरीलाई उनको मादकताले खिज्याउन थालिसकेको थियो। उन्मुक्त वैंसले उनमा कामुकता थप्दै थियो। यस्तैमा एकजना युवा डाक्टरबाट उनलाई विवाह प्रस्ताव आयो। यसबारे उनले सहेली सारासँग सल्लाह मागिन्। सारा जो ३१ वर्षकी थिइन् भने मेरी २१ वर्षकी। दुवैले विवाहका विषयमा पत्र आदानप्रदान गरे। यो सन् १८४३ को कुरा थियो। हैरान यस अर्थमा थियो कि सहेली सारालाई पत्र लेख्दा मेरीले माइ हस्बेन्ड भनेर सम्बोधन गर्थिन्। सारा पनि मेरीलाई माई वाइफ भनेरै पत्रमा लेख्थिन्। झन्डै सात वर्षसम्म उनीहरूबीच यस्तो सम्बन्ध रह्यो।

मेरी लण्डन पुगिन् र पत्रकारिता सुरु गरिन्। सन् १८५० मा मार्क्सवादी पत्रिका (वामपन्थी) वेस्ट मिनिस्टर गजेटमा सहायक सम्पादिका बनिन् उनी। नाम चलेका लेखकहरू र तिनबाट सिर्जित रचनाको दमदार आलोचना गर्न थालिन् उनले। उनी छिट्टै चर्चामा आइन्। पत्रिकाका सम्पादक जोन च्यापम्यानसँग केही समय इलु इलु पनि चल्यो मेरीको। तर यो इलु इलुले स्थायी रुप ग्रहण गर्न सकेन। पछि उनको भेट प्रसिद्ध लेखक तथा विचारक हर्बट स्पेन्सरसँग भयो। हर्बटको स्वभाव विचित्रकै थियो। उनी हरेक महिलालाई गणितको हिसाब सोच्थे।


मेरी र हर्बटको स्वभाव विल्कुलै फरक थियो र पनि दुवैजना एकल जीवन बिताउँदै आएकाले सामीप्यता बढ्न पुग्यो। एक्लो जीवनबाट दुवै दिकदार थिए। आपसी भेटघाट र चिनजान बेड पार्टनरमा परिणत भयो। दुवै एउटै ओछ्यानमा सँगै रात बिताउन थाले। तर यो सम्बन्ध पनि लामो समय टिकेन। फिजिकल रिलेसन भए पनि उनीहरूसँगै जीवन बिताउन नसक्ने महसुस गर्न थाले। हर्बटले एकदिन साँझको छायामा प्वाक्क भनिदिए, तिमी विचित्रकी छौ मेरी। तिमीसँग कुनै पनि पुरुषले सँगै जीवन बिताउन सक्दैन। हर्बटको भनाइले मेरीमा खासै प्रभाव पारेन। उनले कुनै प्रतिवाद गर्न पनि चाहिन्न। हर्बटलाई सजिलै आफ्नो जीवनबाट बाई बाई गरिन् उनले।



यतिबेलासम्म मेरीको उमेर ३२ वर्ष पुगिसकेको थियो। उनी अर्को पुरुष साथीको खोजीमा लागिन्। हर्बटलाई छोडेपछि उनी अनुवादतिर लागिन्। फायरवादका पुस्तकहरू र लेखहरू अनुवाद गर्दै जीवन गुजारा चलाउन थालिन्। उनको भेट १८५१ म जर्ज हेनरी लेबेससँग भयो। जर्ज कहलिएका साहित्यकार, समालोचक, दर्शनशास्त्र सम्बन्धी किताब लेखक थिए। उनका किताबहरूले राम्रो बजार लिएको थियो। उमेरमा हेनरी मेरीभन्दा दुई वर्ष जेठा थिए। हेनरी पनि कुरुप नै थिए मेरी जस्तै। उनी विवाहित थिए, चार सन्तानका बाबु। पत्नी आग्नेस जेभिर्सले हेनरीसँग दोस्रो विवाह गरेकी थिइन्। आग्नेसको पहिलो पति थोर्टन लिघ हन्ट थिए। थोर्टनतिरबाट पनि आग्नेसले तीन सन्तान जन्माएकी थिइन्। जर्ज हेनरी लेबेसको पत्रिकाका साझेदार रेनार्डसँग पनि आग्नेसको विशेष सम्बन्ध थियो। रेनार्ड वैभवशाली व्यक्ति थिए। जर्जले पत्रिकामा मेहनतसाथ काम गर्न थाले। उता रेनार्ड जर्जको अनुपस्थितिमा जर्जकै घरमा गएर आग्नेससँग शारीरिक सम्बन्ध राख्न थाले।

आग्नेस पनि रेनार्ड जस्तै धनी परिवारकी आइमाई थिइन्। फेरि रेनार्ड राम्रा पनि थिए। जर्ज जस्ता विरुप थिएनन्। सम्पत्ति र रुप दुवै थियो रेनार्डमा। एकदिनको घटनाले लेवेसलाई घायलै बनायो। जब उनी आफ्नो घर पुगे, आग्नेस थिइनन्। उनी त रेनार्डसँग भागिसकेकी थिइन् उनलाई छोडेर। यो घटनापछि उनको भेट मेरीसँग भएको थियो। लेवेस आईमाई भनेपछि निकै सशंकित हुन्थे। पहिलो भेटमै मेरीले लेवेसका रचनाको प्रशंसा गर्नुको सट्टा तिखो आलोचना गरिन्। यद्यपि पछि मेरीलाई लेवेसले सम्मानपूर्ण नजरले हेर्न थाले। मेरीले पनि व्यर्थैमा लेवेसका रचनाको आलोचना गरेकोमा पछुतो मानिन्। दुवैले एक अर्कालाई आदर गरे। यही आदर केही समयपछि प्रेममा परिणत भयो। मेरीले लेबेससँग विवाह गर्ने प्रस्ताव राखिन्। तर लेवेसले आग्नेसले धोका दिए पनि फेरि अर्को विवाह नगर्ने निर्णय सुनाए। साथै आर्थिक अवस्था पनि राम्रो नभएको जनाए। मेरीले विवाह नै नगरे पनि उनीसँग पत्नीको रुपमा रहेर जीवन बिताउने इच्छा प्रकट गरिन् र उनीहरू दुवै अविवाहित दम्पतीका रुपमा रहे। तर यो गोप्यता एकदिन उदांगियो। लेखक, बुद्धिजीवीहरूमाझ हल्ला फैलियो। कुरुप लेवेसले बूढी मेरीलाई भगाए। तर यो हल्लाको प्रभाव मेरी र लेवेसमा अलिकति पनि परेन। उनीहरू त हनिमुन मनाउन जर्मनी पो पुगे। फ्रयांकफर्ट, बर्लिन, वाइमर जस्ता सहरहरूमा उनीहरू रमाउन थाले। झन्डै एक महिना जर्मन घुमाइपछि उनीहरू इंग्ल्यान्ड फिर्ता भए।





इंग्ल्यान्ड आएपछि दुवैले फ्ल्याट लिएर बस्न थाले। मेरी अब मरियन इभान्स लेबेस बनिसकेकी थिइन्। बूढाबूढीको यो प्रेमलाई भने कसैले पनि मनपराएनन्। मेरीलाई आफ्नै बुबा र भाइहरूले अपमानित गरे। लेवेस पनि साथी भाइबाट टाढा भए। परिवार र साथीभाइको अपमान र घृणालाई दुवैले वास्ता गरेनन्। दुवै आफ्नै दुनियाँमा रमाउन थाले। मेरीले यही बीचमा 'एडम बिड' नामक उपन्यास लेखिन् र १८५९ मा उपन्यास प्रकाशित भयो। उपन्यासको लेखकको नाम जर्ज इलियट राखिएको थियो। आफू विवाहबाट आलोचित भएकाले पाठकहरूले नरुचाउने अनि चर्को आलोचना खप्नुपर्ने आशंका गर्दै उनले पुरुष लेखकको नाम दिएकी थिइन् उपन्यासको। गजब नै भयो- 'एडम बिड' ले ब्रिटेनमा तहल्का नै मच्चाइदियो। पहिलो पटक उपन्यासकारका रुपमा देखिएका जर्ज इलियटको सर्वत्र चर्चा चल्न थाल्यो। नयाँ पिँढीका लेखकहरूका त उनी आदर्श नै भए। लामो समयपछि जर्ज इलियट न्युनिएटनका बासिन्दा हुन् भन्ने कुरा पाठकहरूले थाहा पाए। इलियटलाई हेर्न न्युनिएटनमा भीड जम्मा हुन थाल्यो। तर इलियट कहीँ फेला परेनन्। सबै निराश भएर फर्किए। मेरी उर्फ इलियटले न्युनिएटन छोडिसकेकी थिइन्।

एडम बिड पुस्तक सर्वाधिक बिक्री भए पनि मेरीले कुनै रकम पाइनन्। बैंक बुड पत्रिकाका प्रकाशकले एक पैसा पनि मेरीलाई नदिई किताब छापेका थिए। चर्चित पुस्तक एडम बिड लेख्ने मेरी ऐनहरू मेरीलाई भेट्न र हेर्न उनको घर गए। मेरी कपड धुँदै थिइन्। मेरीको दयनीय अवस्थाले सबैलाई हतप्रभ बनायो। अब मेरीका बारेमा प्रायश: पत्रपत्रिकाले मुख्य समाचार बनाएर प्रकाशन गर्न थाले। जर्ज इलियट अर्थात् मेरी भोकले मर्दैछिन्। यो समाचार छापिएपछि मेरीतर्फ सहयोगका हातहरू अघि बढ्न थाले। उनलाई सहयोग गर्ने मान्छेहरूको ताँती लाग्न थाल्यो, उनको घरमा। तर मेरी एक्कासी घरबाट गायब भइन्। वास्तवमा उनी कसैको पनि सहयोग लिने पक्षमा थिइनन्। 'एनी वे दिस इज लाइफ' मै उनले चित्त बुझाएकी थिइन्। दुवैजनाले न्युनिएटन छोडे र कसैले थाहा नपाउने गरी टाढा गएर बस्न थाले। मेरीले लेबेससँग चौबीस वर्ष सँगै बिताइन्। लेबेसबाट यौनसन्तुष्टि पनि प्राप्त थियो उनलाई। उनी भन्ने गर्थिन्- मेरो दिमागमा नयाँ नयाँ विचार रातको रमाइलो पछि फुर्ने गरेको छ। तर मेरी कहिल्यै आमा बनिनन्। यौनसंसर्गका बेला प्राकृतिक गर्भनिरोधक उपाय दुवैले अपनाएको रहस्य उनले पछि खोलेकी थिइन्।

इलियटकै नामबाट सन् १८६० मा मेरीको दोस्रो पुस्तक (उपन्यास) 'द मिल अफ दि फोस' प्रकाशित भयो। १८६१ मा 'सिलास मार्नर' र १८७१ म 'ड्यायिल डेरोन्डा' लगायत सातवटा उपन्यास उनका प्रकाशित भए। 'दि स्पेनिस जिप्सी' अगाथा, अ मिरर प्रोफेट, दि डेथ अफ मोजेज, लिजेन्ड अफ जुबाल लगायत तेह्रवटा कविता संग्रह पनि उनले लेखिन्। उनले विगतमा मेरीको नामबाट जु अपमान र घृणा पाएकी थिइन्, त्यो इलियटको नामबाट फिर्ता भइसकेको थियो। अब उनी हरेकको नजरमा आदरणीय बनेकी थिइन्। नाम र दाम दुवै कमाइन उनले। उनीसँग वैभवशाली बंगला भयो, सुसारे, नोकरहरू घरमा भए, गाडीदेखि सबै वस्तु उनीसँग भए। एक समृद्ध जीवन बिताउन थालिन् मेरीले। तर लेबेस भने सन्तुष्ट बनेनन्। उनी जर्ज इलियटको नाठोका रुपमा समाजमा चिनिन थाले। १८७८ को नोभेम्बर २८ को बिहान उनी आफ्नो कोठाबाट बाहिर आएनन्। मेरी ब्रेकफास्टका लागि लेबेसलाई पर्खिरहेकी थिइन्। लामो इन्तजारपछि पनि लेबेस कोठाबाट बाहिर नआएपछि आफैं कोठाभित्र गइन्। उनले लेवेसलाई उठाउन खोजिन्। तर लेवेसको प्राणान्त भइसकेको थियो। तर उनी विचलित भइनन् न त आँसु नै खसाइन्। उनले घरमै बसेर कथा, निबन्ध, कविता, उपन्यास थुपै विधामा दखल जमाइन्। अभूतपूर्व सम्पत्तिकी मालिकिन भइन उनी। पछि उनले एडिथ सिमकोकससँग समलिंगी सम्बन्ध राखिन्। जो उनकी साथी थिइन्। लेवेस मरेको दुई वर्षपछि बैंकर जोन वाल्टर क्रससँग कानुनी बिहे गरिन्। जोन मेरीभन्दा २० वर्ष कन्छा थिए। मेरीको यो कार्यलाई समाजले उचित ठानेन। उनको सबैतिर आलोचना हुन थाल्यो। उत्ताउली पातकी बूढी भनिन थाल्यो उनलाई। मेरीलाई यो सब कुराको पर्वाह थिएन। उनी चालीस वर्षे क्रसलाई लिएर हनिमुन मनाउन इटाली गइन्। बूढी मेरीलाई जवानीमा फर्काएका थिए क्रसले। क्रससँगको सेक्समा मेरी औधी खुसी थिइन्। इटालीमा मस्तले हनिमुन मनाएर दुवै इंग्ल्यान्ड फर्किए। केही दिनपछि नै अचानक मेरी बिरामी भइन्। केही पहिलेदेखि नै उनको किड्नीमा समस्या देखिएको थियो। अब उनका दुवै किड्नीले काम गर्न छोड्दै गए। उनको घाँटीमा पनि इन्फेक्सन देखियो। भिक्टोरिया समयका ब्रिटेनका चर्चित लेखक जर्ज इलियटको १८८० डिसेम्बर २२ मा मृत्यु भयो। यिनै जर्ज इलियट मेरी थिइन्।

*(रिडर डाइजेस्टको सहयोगमा)*

## यतिग्रुप...

२०४८ तिर नै सगरमाथामा सफल आरोहण हुने तिनको लक्ष्य विफल हुनमा एक जर्मन क्लाईम्वरको घातक व्यवहार प्रति बौद्धिक जगतमा तिव्र घृणा र निन्दाको विषय बन्यो। यो कुरा संसारभरि फैलियो। त्यसैले त पाप मोचनको लागि पासाङ ल्हामु शेर्पा फाउन्डेसनलाई आर्थिक र भौतिक सहयोग गर्न जर्मनीहरू ठोस रुपमा लागे। थामसेर्कु ट्रेकिङ अफिस कमल पोखरीको भाडाको घरबाट बसुन्धरामा भव्य ४ तले भवन निर्माण गर्न पुगे। जर्मनहरूले सुरुमै अरबौं रुपैयाँ व्यापारिक साझेदारीमा पनि लगानी गरेको अनुमान गर्न सकिन्छ।

सोनाम नेतृत्वको थाम सेर्कु ट्रेकिङले व्यापारिक उचाइ लिएपछि ट्राभल एजेन्सी खोले, महत्वपूर्ण गन्तव्यहरूमा भव्य होटेलहरू निर्माण गरे, यती एअरलाईन्सको नामबाट जहाजहरू किने र अहिले यति ग्रुप भनेर स्थापित भए। जसको पचासौं अरबको सम्पत्ति भएको अनुमान गर्न सकिन्छ। यो यति ग्रुपको प्रमुख व्यक्तित्वहरूमा नेपाली शेर्पाहरू देखिन्छन् तर पर्दा पछाडी जर्मनीहरू पनि छन् भन्न सकिन्छ।

लमजुङ खुदी स्थित आफ्नो गेष्ट हाउस (होटल हिमाल चुली भ्यु) मा दैनिक रु.१५०।- पाउने भरियाहरूका कथा व्यथा लिएर उहि बेला काठमाण्डौं बसुन्धरास्थित थामसेर्कु अफिस गएँ। ट्रेकिङ विभाग हेर्ने प्रमुख जिलबर्ट नाउको एक जर्मनीसँग भेटेर भने 'भरियाहरूको दाम तपाईंहरूले सिधै उनीहरूलाई दिनुहोस्! ति मारमा परे। तपाइहरूले नीति फेर्नु पर्‍यो। पोर्टरहरूलाई सिधै दाम दिनुहोस्। 'नेपालमा धन मात्र कमाउन आएको जस्तो जिलवर्ट नाउको त्यो जर्मनी फरर नेपाली पनि बोल्थ्यो। उनले कडकेर भने 'हामी त गाईडलाई जिम्मा दिन्छौं, पैसा सबै उसैलाई दिन्छौं, हामीलाई पोर्टरको के को वास्ता ?' जिलवर्टले त्यसबेला पंक्तिकारसँग यो पनि भने कि ट्रेकिङ एजेन्सीहरूमा नेपालमा सबभन्दा धेरै कर हाम्रो अफिसले बुझाउछ, यो सरकारलाई। तर पर्यटनसँग सम्बन्धित महत्वपूर्ण कार्यक्रमहरूमा यो सरकारले हाम्रो मेनीजिङ डाईरेक्टर सोनाम शेर्पालाई कुनै आसन ग्रहण गराउदैन र २ मिनेट बोल्न पनि दिदैन। यस्तो पनि हुन्छ ?' मानौं यो पंक्तिकार उनको नजरमा सरकारको प्रतिनिधि हो। २०६२/०६३ को आन्दोलन पश्चात गणतन्त्र आएपछि सोनाम शेर्पा नेतृत्वको यती ग्रुपले अर्को फड्को मार्‍यो , एमाले भित्रको खडक ओली ग्रुपसँग धनिष्टता बढायो। त्यसैले त ओली सरकारको कार्यकालमा नेपाल ट्रष्ट अन्तर्गतको सयौं रोपनी जग्गा भएको गोकर्ण रिसोर्ट, दरबार मार्गको भव्य भवनहरू, इलामको हजारौं रोपनीको चिया बगान र अरु बहुमुल्य जग्गाहरू कौडीको मूल्यमा कब्जा गर्‍यो। २०७५ सालमा राज्यको यि सम्पत्तिहरू भाडामा दिने सवालमा कान्तिपुर दैनिक, नयाँ पत्रिका दैनिक लगायत पत्र पत्रिकाहरूमा यथार्थ कुराहरू उजागर भएपछि तत्कालीन नेपाल ट्रस्टका अध्यक्ष गृहमन्त्री राम बहादुर थापा (बादल) समेत चकित परे र जनआवाजलाई मध्य नजर गर्दै राज्यको हितमा नयाँ सम्झौता हुनपर्ने अवधारणा बनाए।


त्यसबेला प्र.म. खडक प्रसाद ओलीले ठाडो हस्तक्षेप गरी क्याबिनेट मिटिङमा नेपाल ट्रस्टको अध्यक्ष तत्कालीन रक्षामंन्त्री ईश्वर पोखरेललाई नियुक्ति गरेर गृहमन्त्री राम बहादुर थापालाई हटाए। अनि ईश्वर पोखरेलले यति ग्रुपसँग अघि झै कौडीको मूल्यमा सम्झौताहरू गरे। एमालेको सरकार २०७६ भाद्र महिनामा ढलेर ५ पार्टीको संयुक्त सरकार बन्ने वातावरण भएपछि ट्रस्टको पासाङ ल्हामु घुम्बाराहीको भवनबाट एमालेको मूल कार्यालय हट्यो। आन्तरिक रुपमा यति ग्रुपले कोठाको भाडा आफूले व्योहर्ने गरेर त्यति मात्र हैन भर्खरै चितवनको नारायणगढको नदीतिर र सौराहामा भएको दशौं अधिवेशनमा भएको तिसौं करोडको व्ययमा एउटै यती ग्रुपसँग दशौं करोड रुपैयाँ चन्दा लिएको अनुमान गर्न सकिन्छ। राज्यको अरबौ रुपैया बराबरको धनसम्पत्ति चढाएपछि केहि करोड रु. चन्दा माग्न तिनलाई के को आईतबार ! यो कुनस्तरको जनघाट र भ्रष्टाचार हो ? निकट भविष्यले राम्ररी छानबिन गर्नेछ र जनआवाजलाई मध्यनजर गरी उचित कदम चाल्नेछ।

स्मरण रहोस्, २०७६ को वर्षाताका भनौं सन् २०१९ को समरतिर TAAN को साधारण सभा काठमाण्डौं स्थित पाँच तारे होटल सोल्टीमा भएको थियो। प्रमुख अतिथि पुष्प कमल दाहाल (प्रचण्ड) र विशेष अतिथि तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराई थियो। बामपंथीको सरकार र कार्यक्रममा पनि प्रवचनहरू बेजोडको थिए। प्रगतिवादी तथा बामपंथी उम्मेदवारहरूलाई जिताउन उनीहरूले आग्रह पनि गरे। तर चुनावमा प्रमुख पद अध्यक्ष लगायत बहुमतमा कांग्रेस समर्थक खुम बहादुर सुवेदीको प्यानलले विजय हात लाए। प्रचण्ड र योगेशहरू पनि चकित परे। यो घटनामा यती ग्रुपले भुमिका खेलेको र केपी इश्वर पोखरेलहरूले विशेष निर्देशन गरेको रहस्य प्रचण्डहरूलाई अझै सम्म ज्ञान नहुन सक्छ। त्यसमा बाहकको रुपमा सिताराम सापकोटाहरूले नेतृत्व गरेका थिए। जो यति ग्रुपको एक कर्मचारी पनि हो जो अघि TAAN को अध्यक्ष पनि थिए। पराजय भोग्नुमा यता आफूलाई नेकपा (माओवादी केन्द्र) को कार्यकर्ता दाबी गर्ने ज्योति अधिकारी र नवराज दाहालहरू पनि कम जिम्मेवार छैनन्। यिनको पनि इमान्दारीता र नम्रताको खडेरीको दुस्परिमाण त्यो लज्जास्पद हार भएको हो।

२०७८ मंसिर १६

प्रेरक

## अस्थी र पेचकस



पाउलो कोएलोले आफ्नो ब्लगमा एउटा घटनाबारे सविस्तार बताएका छन्। उनका ससुराबाले आफ्नो मृत्युभन्दा केही समयअघि परिवारका सबै सदस्यलाई बोलाए। सबैलाई सँगै राखेर भने- 'मृत्युलाई म हाम्रा लागि दोस्रो दुनियाँमा प्रवेश गर्ने मार्गका रुपमा लिन्छु। म यो संसारबाट गएपछि तिमीहरूलाई एउटा सन्देश पठाउनेछु कि अरुको भलाइका लागि काम गर्नु नै जीवनको सबैभन्दा महत्वपूर्ण उद्देश्य हो। केही समयपछि ससुराको मृत्यु भयो। उनकै इच्छाअनुसार दाहसंस्कार गरियो र उनको अस्थी समुद्रमा विसर्जन गरियो। पार्श्वमा उनको सबैभन्दा प्रिय संगीत रेकर्डरमा बजिरहयो। परिवारका सदस्यलाई सम्बोधन गरिएको दुई दिनपछि उनले संसार छोडेका थिए। साओ पाउलोमा उनको अन्तिम दाहसंस्कारको व्यवस्था गरिएको थियो। परिवारका सदस्य अस्थीपात्र, संगीतको क्यासेट र टेपरेकर्डर लिएर त्यहाँ पुगे। तर त्यहाँ एउटा समस्या आइपऱ्यो। अस्थीपात्रको ढक्कन धेरै भोल्ट लगाएर बन्द गरिएको थियो। त्यसलाई कसैले खोल्न सकिरहेका थिएनन्। सहयोगका लागि पनि त्यहाँ कोही थिएन। नजिकै एकजना भिखारी थियो। हामी समस्यामा परेको देखेर ऊ हामी नजिक आयो र भन्यो- 'कुनै समस्या छ हो ?' मृतकका छोराले भने- 'मेरा पिताको अस्थी यसमा बन्द छ र यसलाई खोल्नका लागि पेचकस छैन।' तपाईंको बुबा सायद धेरै राम्रो मान्छे हुनुहुन्थ्यो होला। किनकि मसँग पेचकस छ। भिखारीले झोलामा हात हाल्दै पेचकस निकालेर दियो।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
मिहिनेतले मानसम्मान दिलाउनेछ। बोली र विचारका प्रशंसकहरू बढ्नेछन्। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। सहयोगीहरूले साथ दिने हुँदा रोकिएका काम पनि सम्पादन हुनेछन्। लगनशीलताले नाम, दाम र इनाम हातपार्न सफल भइनेछ। मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। आफन्तसँग रमणीय र सुखद् यात्राको योग छ।

### वृष
साथीभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुनेछ। रमाइलो जमघट एवं भोजको अवसर मिल्नेछ। पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। आज लामो समयदेखि रोकिएका अधुरा कार्यहरू पुरा हुन सक्छ। पारिवारिक सहयोग मिल्नेछ। मनमा शान्ति छाउनेछ।

### मिथुन
छर-छिमेकमा केही असमझदारी देखिए पनि टाढाका साथीभाइसँग आत्मीयता बढ्नेछ। अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला। खर्च लागे पनि दिगो काम प्रारम्भ हुनेछ। चुनौतीहरू पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ। यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने वैदेशिक क्षेत्रबाट लाभ मिल्नेछ। धर्मकर्म तथा समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ।

### कर्कट
मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ। थोरै लगानीबाट मनग्गे नाफा उठाउन सकिनेछ। भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। आम्दानीका स्रोत बढ्नुका साथै प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। जीवनसाथीको सल्लाहमा गरिएको कार्यमा अधिक सफलता मिल्नेछ।

### सिंह
मिहिनेतले नयाँ जिम्मेवारी दिलाउनेछ। तारिफयोग्य कामको चर्चा हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। तर आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। अरूका लागि बुद्धि र समय खर्चनुपर्ला। सामाजिक उत्तरदायित्व प्राप्त भए पनि लक्ष्यमा पुग्न मुस्किल पर्नेछ। परिस्थितिवश चिताएको काम बीचमा रोकिन सक्छ। दैनिक कार्यहरूमा प्रगति हुँदै जानेछ। जोश जाँगर र हिम्मत बढ्नेछ।

### कन्या
सामाजिक उत्तरदायित्व वहन गर्दै लाभदायक जिम्मेवारी हात पार्ने मौका छ। तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ। भाग्यले विभिन्न अवसर थमाउनेछ। उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। अरूको काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ। परिवारजनको साथले नयाँ आशा पलाउनेछ। देखाएर अरूको मन लोभ्याउन सकिनेछ। शेयर बजारबाट पनि लाभ मिल्नेछ।

### तुला
परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ। अस्वस्थताका बाबजुद कामको जिम्मेवारी बढ्नेछ। तापनि प्रयत्न गर्दा फाइदाका स्रोत पहिचान गर्न सकिनेछ। नयाँ काम थाल्न केही समय पर्खनुपर्ला। गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ। पछाडिबाट अवरोध पुर्याउनेहरू सक्रिय रहे पनि शुभचिन्तकहरूले साथ दिने हुँदा काम बन्नेछ। पारिवारिक समस्या आइपर्ला। गरेको काममा ढिलासुस्ती हुनेछ। आँटेको काममा बाधा हुनेछ।

### वृश्चिक
पहिलेको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। आफन्तजनसँग रमाइलो भेटघाट हुन सक्छ। विगतका कमजोरीलाई पनि सुधार गर्ने मौका छ। तर अधैर्य व्यवहारले आत्मसम्मानमा बाधा पुर्याउनेछ। आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। अतिथिका रूपमा सम्मान पाइनेछ। इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन्।

### धनु
मिहिनेतीहरूका लागि समय उत्साहजनक रहनेछ। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ। मिहिनेतले प्रतिद्वन्द्वी परास्त हुनेछन्। व्यापारलगायत आर्थिक लाभ हुनेछ। महत्त्वाकांक्षी कार्य शुभारम्भ गर्ने समय छ। शुभ समाचार सुन्न पाइनेछ। महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ।

### मकर
प्रयत्न गर्दा चिताएका काम सम्पादन हुनेछन्। सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ। व्यापारमा धेरै फाइदा नभए पनि पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीको साथले पनि हिम्मत जगाउनेछ। आज शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ। झुटा आरोप प्रत्यारोप आइपर्दा समस्या खेप्नुपर्नेछ स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च पनि हुनेछ।

### कुम्भ
परिस्थितिवश चिताएको काम रोकिन सक्छ। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। मौका आए पनि काम थाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला। प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। हिस्सेदारसँग असमझदारी बढ्नाले सम्झौता भंग हुन सक्छ। फाइदाका लागि साइनो गाँसी नजिकिनेहरूबाट सावधान रहनुहोला। नयाँ कार्यको थालनी हुनसक्छ। व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। आत्मिक सन्तुष्टि मिल्नेछ। नयाँ कार्यहरू सम्पन्न हुनेछन्।

### मीन
सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। उद्योग र व्यापारमा फाइदा उठाउन सकिनेछ। गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ। विशेष उपहार हातलागी हुन सक्छ। कृषिमा कामको चाप र चौपायामा केही समस्या देखिए पनि धन आर्जन प्रशस्तै हुनेछ। शत्रु र प्रतिस्पर्धीलाई पछि पार्न सफल भइनेछ । समय निकै उत्साहजनक रहनेछ।

# समाचार

## दुर्घटनामा १५ जनाको मृत्यु

काठमाडौं। काठमाडौं, टोखा नगरपालिका-६ धापासीस्थित सडकमा कारको ठक्करबाट श्रीयन पाण्डेको मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको ग्राण्डी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

सुनसरी, कोशी गाउँपालिका-६ स्थित सडकमा सवारी दुर्घटनामा परी सप्तरी हनुमाननगर कंकालिनी नगरपालिका-५ बस्ने ५० वर्षीय दिलिप मण्डलको मृत्यु भएको छ। पोखरा महानगरपालिका-२५ हेम्जा भोटेक्याम्पस्थित सडकमा जिप र मटरसाइकल ठोक्किएर दुर्घटना हुँदा चालक सोही महानगरपालिका- ५ प्रस्याङ धारापानी मार्ग बस्न अन्नपूर्ण गाउँपालिका-१० धान्द्रुक घर भएका २६ वर्षीय दिपक नेपालीको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको मणिपाल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। यस्तै पोखरा महानगरपालिका-२९ भण्डारढिकस्थित सडकमा मोटरसाइकल टिपरमा ठोक्किएर दुर्घटना हुँदा चालक तनहुँ भिमाद नगरपालिका-२ जिलाङ बस्ने २४ वर्षीय विष्णुवीर रानाको मृत्यु भएको छ। मकवानपुर, हेटौंडा उपमहानगरपालिका-९ मास्टर चोकस्थित सडकमा मोटरसाइकललाई ठक्कर दिँदा चालक सोही उपमहानगरपालिका-१ चाईना क्वाटर बस्ने ४० वर्षीय अर्जुन प्रसाद घिमिरेको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

रुपन्देही, शुद्धोधन गाउँपालिका-१ बेलवास्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा सोही गाउँपालिका-१ बेलवा बस्ने ३५ वर्षीय कृष्ण मुरारी लोधको मृत्यु भएको छ। उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो। यसैगरी रुपन्देही, बुटवल उपमहानगरपालिका-१२ स्थित सडकमा ट्रक र कार दुर्घटना हुँदा कारमा सवार ३ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा कारका चालक बुटवल उपमहानगरपालिका-१२ बस्ने ३० वर्षीय नेवार नबिन श्रेष्ठ, सोही ठाउँ बस्ने २८ वर्षीय सविन थारु र २९ वर्षीय गोबिन्द चौधरी रहेका छन्। दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो।

पर्सा, जिराभवानीपुर गाउँपालिका-४ भवानीपुरस्थित सडकमा मोटरसाइकल र ट्याक्टर दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ। मृत्यु हुनेहरूमा सोही गाउँपालिका-४ भवानीपुर बस्ने ३० वर्षीया बिद्यादेवी र उनकै छोरी ४ वर्षीया अन्या कुमारी रहेका छन्। उनीहरूको उपचारको लागि लैजाने क्रममा अन्याको बाटोमै र विद्याको नारायणी अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको हो। मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१९ नेवारपानीस्थित सडकमा स्कुटरलाई ग्याँस बुलेटले ठक्कर दिँदा स्कुटरमा सवार सोही उपमहानगरपालिका-१० टिसियन रोड बस्ने ५१ वर्षीय बुद्धि बहादुर श्रेष्ठको मृत्यु भएको छ। उनको चुरेहिल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

## मृत अवस्थामा फेला

काठमाडौ। काठमाडौं महानगरपालिका-९ बत्तिसपुतलीस्थित राममन्दिर नजिक बस्ने ध्रुव प्रसाद लामिछानेको घरमा विगत ३ वर्षदेखि बस्दै आएका भारत घर भएका ५७ वर्षीय बाबा अमिताभ सेन गुप्ता आफ्नै कोठामा मंगलबार मृत अवस्थामा फेला परेका छन्। पर्सा, बिन्दाबासिनी गाउँपालिका-४ अमरपट्टी र मधुबनको बिचमा रहेको पुलको माथि भारत मोतिहारी पुर्वी चम्पारण ग्राम पञ्चायत-१ बस्ने २५ वर्षीय तपसी यादव मंगलबार मृत अवस्थामा फेला परेका छन्। खोटाङ, दित्तेल रुपाकोट मझुवागढी नगरपालिका-६ मिलन चोकको सडकमा सोही नगरपालिका-६ नेर्पा बस्ने ५२ वर्षीय नन्द कुमार गुरुङ मंगलबार मृत अवस्थामा फेला परेका छन्।

दाङ, तुलसीपुर उपमहानगरपालिका-४ रक्षाचौरस्थित गुरुजजुर मावि स्कुलको नालीमा सोही उपमहानगरपालिका-४ सिमरा बस्ने ६२ वर्षीय छबिलाल रोका सोमबार मृत अवस्थामा फेला परेका छन्। जाजरकोट, कुसे गाउँपालिका-५ स्थित सल्ले सामुदायिक वनमा सोही गाउँपालिका-५ खुर्पा बस्ने ६१ वर्षीय शेर बहादुर बिक सोमबार मृत अवस्थामा फेला परेका छन्।

रुकुम (पश्चिम), आठबिसकोट नगरपालिका-९ बस्ने ५२ वर्षीय बिने बटाला सोमबार मृत अवस्थामा फेला परेका छन्। खोटाङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१४ बुईपास्थित शौचालयभित्र सोही ठाउँ बस्ने ३५ वर्षीय कुमार सार्की सोमबार मृत अवस्थामा फेला परेका छन्। पोखरा महानगरपालिका-२१ फुस्रे खोलाको किनार नजिकै चौरमा टेण्ट टाँगेर बस्ने ट्याक्टर सहचालक स्याङ्जा पुतली बजार नगरपालिका-५ घर भएका १७ वर्षीय बिशाल भुजेल टेण्टभित्रै सोमबार मृत अवस्थामा फेला परेका छन्।

पर्सा गाउँपालिका-२ संग्रामपुरस्थित माछा पोखरीमा महोत्तरी बलबा नगरपालिका-२ बस्ने २७ वर्षीय उदय सदा सोमबार मृत अवस्थामा फेला परेका छन्। कालिकोट, महावै गाउँपालिका-४ डिल्लीकोट बस्ने ५८ वर्षीय पृथी रानामगर महावै लेकको लसुनढुंगामा सोमबार मृत अवस्थामा फेला परेका छन्। वीरेन्द्रनगर नगरपालिका-२ खोलीगाउँ बस्ने ५७ वर्षीया शान्ति थापा आफ्नै घरमा सुतेकै ठाउँमा आइतबार मृत अवस्थामा फेला परेकी छन्। यसैगरी सुर्खेत, बराहाताल गाउँपालिका-४ खमारीकुन्टा सामुदायिक बनभित्र धोक्रे खोलाको खोल्सामा सोही ठाउँ बस्ने ५० वर्षीया देबिसरा गुरुङ आइतबार मृत अवस्थामा फेला परेकी छन्। बुटवल उपमहानगरपालिका-२ तिनाउ पुलस्थित सडकमा स्कारपियो गाडीले मोटरसाइकललाई ठक्कर दिँदा चालक अर्घाखाँची सन्धिखर्क नगरपालिका-१ घर भएका ३० वर्षीय वाशु आचार्यको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो।

बाजुरा, बुढिगंगा नगरपालिका-६ स्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा चालक बाम्का बजारमा सुनचाँदी पसल गरी बस्ने अछाम साँफेबगर नगरपालिका घर भएका ३८ वर्षीय बल सुनारको मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको बयलपाट अस्पताल अछाममा उपचारको क्रममा मृत्यु भएको हो। गुल्मी, मदाने गाउँपालिका-१ अग्लुङ भेगानेपानी बस्ने ७२ वर्षीय नन्दे राउत आफ्नै घर नजिकै रहेको खग्रे खोलाको खोल्सामा मृत अवस्थामा फेला परेका छन्। मकवानपुर, ईन्द्रसरोबर गाउँपालिका-५ स्थित मकवानपुर र काठमाडौंको सिमानामा पर्ने देउरालीडाँडामा ललितपुर महालक्ष्मी नगरपालिका-५ टिकाथली बस्ने ३४ वर्षीय प्रज्वल पोखेल शनिबार मृत अवस्थामा फेला परेका छन्।

## डुबेर मृत्यु

बारा। जितपुरसिमरा उपमहानगरपालिका-३ स्थित कुलोमा डुबेर सोही उपमहानगरपालिका बजनी बस्ने ६१ वर्षीय काजिमान श्रेष्ठको मंगलबार मृत्यु भएको छ। यस्तै राईनास नगरपालिका-८ तार्कुघाटस्थित मर्स्याङदी नदीमा डुबेर सुन्दरबजार नगरपालिका-२ हाडेटार बस्ने ४४ वर्षीया कमला पौडेलको सोमबार मृत्यु भएको छ।

## करेन्ट लागेर मृत्यु

मोरङ । रंगेली नगरालिका-८ झमनपुर बस्ने ५५ वर्षीय मंगलु ताजपुरियाको मंगलबार दिउँसो करेन्ट लागेर मृत्यु भएको छ। सोही ठाउँ बस्ने अर्जुन दाहालको घरमा कल मर्मत गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको रंगेली अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। यसैगरी फुङलिङ नगरपालिका-४ क्याम्पस लाईन बस्ने ४८ वर्षीय सूर्य प्रकाश लिम्बुको करेन्ट लागेर बिहान मृत्यु भएको छ। उनको जिल्ला अस्पताल ताप्लेजुङमा उपचारको क्रममा मृत्यु भएको हो।

## जलेर मृत्यु

धनुषा। क्षिरेश्वरनाथ नगरपालिका-९ ईच्छापुर बस्ने ८० वर्षीया मटरी देवी पंडितको खाना पकाउने क्रममा जलेर सोमबार राति मृत्यु भएको छ। आफ्नै घरमा खाना पकाउने क्रममा साडीमा आगो सल्किन गई जलेर गम्भीर घाइते भएकी उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो।

## च्यापिएर मृत्यु

काठमाडौं। बाजुरा, त्रिवेणी नगरपालिका-९ पैमा बस्ने ३६ वर्षीया राजमती साउदको रुखले च्यापिएर आइतबार दिउँसो मृत्यु भएको छ। उनको दाउरा काट्ने क्रममा रुखले च्यापिएर घटनास्थलमै मृत्यु भएको हो। डडेलधुरा, अजयमेरु गाउँपालिका- ४ धारी बस्ने ४५ वर्षीय भोज बहादुर साहुको सल्लाको गोलियाले च्यापिएर मृत्यु भएको छ। सोही गाउँपालिका चिलचौरास्थित सल्लाको गोलीया काट्ने क्रममा उक्त गोलियाले च्यापिएर उनको घटनास्थलमै मृत्यु भएको बताइएको छ। बर्दिया, बाँसगढी नगरपालिका-६ दमौली बस्ने सुन्दरलाल थारुको पुरानो घर भत्काउने क्रममा घरको दिवालले च्यापिएर सोही ठाउँ बस्ने २५ वर्षीया बिमला थारुको आइतबार साँझ घटनास्थलमै मृत्यु भएको छ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Ken = ज्ञानको सीमा To answer this question is beyond my ken यस प्रश्नको जवाफ दिनु भनेको मेरो ज्ञानको सीमाभन्दा बाहिरको कुरा हो।

Laconic = छोटो, मिठो र मिलाएर बोल्ने She can not deliver a lenghty harangue rather a laconic speech तिनलाई लामो प्रभावशाली भाषण गर्न नआए पनि छोटो मिठो बोल्दछिन्।

Magnanimity = सौहार्द्रता वा भलादमीपन For having donated a big sum to charity he was appreciated for his magnanimity सामाजिक संस्थालाई ठूलै राशि चन्दा प्रदान गरेकोमा सबैले उनको भलादमीपनको प्रशंसा गरे।

Negate = रद्द गर्नु वा नकार्नु Being an orthodox, how can you negate the existence of the God ? धर्ममा कट्टर भएर पनि तिमी कसरी ईश्वर छ भन्ने कुरालाई नकार्न सक्छौ ?

Obsequious = अति नै चाकडी गर्ने He is the only one who is totally obsequious to his boss आफ्नो हाकिमप्रति अति चाकडी देखाउने ऊ मात्र एकजना हो।

Paragon = पूर्णताको नमुना, सबै गुणले युक्त He is a paragon but makes no claim to be as such सबै गुणले सम्पन्न हुँदाहुँदै पनि ऊ आफैं म यस्तो छु भनेर घमण्ड प्रदर्शन गर्दैन।

Quibble = झिनो विरोध, Except a few teenagers' quibble, most of the audiences appreciated his classical presentation अल्लारे केटाहरूको झिनो विरोध बाहेक अरु सबैले उसको शास्त्रीय प्रस्तुतिलाई प्रशंसा गरे।

Rarefied = पातलो हुस्सु, कुहिरो वा धूँवा, The morning atmosphere in Kathmandu starts becoming rarefied already from the month of October अक्टोवर महिनादेखि नै काठमाडौंमा पातलो कुहिरो लाग्न शुरु हुन्छ।

Sage = विद्वताको लागि प्रख्यात व्यक्ति, विद्वान, साधु सन्त In a helpless situation everyone consults the sages सबै पक्षबाट निराश भइसकेपछि सबै साधुसन्तको संगतमा आउँछन्।

Tangential = मुख्य कुरा बाहेकका अन्य कुराहरू Dedicating only a few minutes on main issues, the meeting spent hours on tangential issues मुख्य विषयवस्तुलाई थोरै समय दिएर, बैठकले कम महत्वको विषयमा धेरै समय खर्च गऱ्यो।

# Ask बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Ask something to somebody = कसैलाई केही कुरा सोध्नु I do not like to ask some one's profession मलाई कसैको पेसा के हो भनेर सोध्न मन लाग्दैन।

Ask about something = केही कुराको बारेमा सोध्नु He dis not ask me about the ring I lost मैले हराएको औंठीबारे उसले मलाई केही पनि सोधेन।

Ask of = मध्ये सोध्नु They ask only me of us हामीमध्ये तिनीहरूले मलाई मात्रै सोधे।

Ask for = माग गर्नु My employees never ask for a apy hike मेरा कर्मचारीहरूले कहिले पनि तलव वृद्धिको माग गर्दैनन्।

Ask an excuse = माफी माग्नु He does mistaked but never ask an excuse ऊ गल्ती गर्छ तर कहिले माफ माग्दैन।

Ask on = मा सोध्नु Asking everything on the phone is his habit हरेक कुरा फोनमै सोध्ने उसको स्वभाव हो।

Ask somebody to = निम्ता गर्ने He asks me to dinner whenver he meets जहिले पनि भेट्दा उसले मलाई बेलुकीको खानाको निम्ता दिन्छ।

Ask after somebody = कसैलाई कस्तो छ भनेर सोध्नु She always asks after you in her letter तिनले आफ्नो पत्रमा सधैं तिमीलाई कस्तो छ भनेर सोध्छिन्।

Ask some body's advice = कसैको सल्लाह माग्नु He decides on his own never asks our advice ऊ सधैं आफैं निर्णय गर्छ कहिले हाम्रो सल्लाह माग्दैन।

## सुडोकु-अंक २४९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | २ | | ६ | | ९ | | ५ | ८ |
| | ४ | | | ५ | | | २ | |
| | | ६ | | | | ७ | | |
| | ७ | | ५ | | ३ | | १ | |
| ५ | | | | | | | | २ |
| | ३ | | ७ | | ८ | | ९ | |
| | | ५ | | | | २ | | |
| | ९ | | | ६ | | | ४ | |
| ४ | ८ | | २ | | १ | | ६ | ३ |

## अंक २४८ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ७ | ३ | ६ | २ | ९ | ५ | १ | ८ |
| ६ | १ | ९ | ४ | ५ | ८ | ३ | ७ | २ |
| २ | ८ | ५ | ७ | ३ | १ | ४ | ६ | ९ |
| ७ | ३ | ८ | ९ | ४ | २ | १ | ५ | ६ |
| ५ | २ | १ | ८ | ७ | ६ | ९ | ३ | ४ |
| ९ | ४ | ६ | ५ | १ | ३ | २ | ८ | ७ |
| ८ | ९ | २ | ३ | ६ | ५ | ७ | ४ | १ |
| १ | ५ | ७ | २ | ८ | ४ | ६ | ९ | ३ |
| ३ | ६ | ४ | १ | ९ | ७ | ८ | २ | ५ |

# LET US BRILLIANTLY ACCOMPLISH THE REVOLU- TIONARY CAUSE OF JUCHE, HOLDING KIM JONG IL IN HIGH ESTEEM AS THE ETERNAL GENERAL SECRETARY OF OUR PARTY

As we approach the significant Day of the Sun marking the centenary of the birth of the great leader Comrade Kim Il Sung, we will be holding the Fourth Conference of the Workers' Party of Korea amid the great expectations and keen interest of our people and people overseas.

The conference will discuss and decide on acclaiming General Kim Jong Il as the eternal General Secretary of the WPK and glorifying forever his revolutionary career and immortal revolutionary exploits, and will amend the Rules of the Party accordingly. It will also recall some members of the central leadership body of the Party and hold an election to fill the vacancies, which is a regular undertaking at a Party conference.We should ensure that the conference serves as an epoch- making event that establishes an important milestone in holding up General Kim Jong Il, together with President Kim Il Sung, as the eternal leader of our Party, and in carrying out the ideology and cause of the President and the General with credit. Through the conference, we should clearly demonstrate the faith, will and moral obligation with which we, the descendants of the President and the soldiers and devoted

followers of the General, hold them in high esteem and our determination to carry out their ideology and cause. We should hold the General up unswervingly as the General Secretary of our Party. To hold him in high esteem as the eternal General Secretary of our Party is, in principle, a demand for consistently holding fast to his ideology and policies and advancing our revolutionary cause to victory. Holding him up as the eternal General Secretary of the WPK can never be a symbolic act. It means having him as the General Secretary of the Party invariably and conducting Party building and Party activities in accordance with his ideology and intentions. His ideology and policies are the permanent guiding principles for our Party and revolution and banners of victory, and their justness and vitality have been proved through our revolutionary practice. Without them, the victorious advance and accomplishment of the cause of our revolution would be inconceivable. If our Party is to lead the Korean revolution along the road of victory and glory as it did in the past, it should hold the General in high esteem as its eternal General Secretary and adhere to strictly and thoroughly implement his ideology and policies.

To hold him up as the eternal General Secretary of our Party is natural in view of the immortal exploits he performed for the times and revolution while leading it for so many years. The period, during which he developed our Party into the party of President Kim Il Sung with his unexcelled ideas and theory and outstanding leadership, spanned more than half a century. He developed our Party into a revolutionary party in which the leaders' ideological and leadership systems are firmly established, into a motherly party which has formed a harmonious whole with the masses of the people and serves them, and into an invincible party with iron discipline and fighting efficiency, and he demonstrated the dignity and might of Kim Il Sung's Korea to the whole world; these constitute his most distinguished achievements, and they should be brilliantly etched in the annals of our Party.

It is because our Party is strong and the army and people are united around it with a single heart that we can continue to ensure the political stability of the country and carry out all our work without the slightest deviation, even



though the supreme posts of the Party and the state remain vacant after the demise of the father of the nation. This would be unthinkable apart from the exploits of the General in leading our Party and revolution, and it showcases the greatness and eternal vitality of these exploits. He was an outstanding leader and peerless veteran statesman who developed the WPK into the organizer and guide of all our people's victories and led our revolution along a road paved with victory.

To hold him in high esteem as the eternal General Secretary of our Party conforms with the noble ideological feeling and desire of all Party members and other people, and is natural from the point of view of moral obligation. Though he devoted his all throughout his life to the prosperity of the country and the happiness of the people, he left nothing for himself. He was on the most intensive forced march, taking not a moment's rest, until he breathed his last on a moving train. Such a leader has never been witnessed anywhere in the world. He lives on as the father of the nation and General Secretary of our Party in the hearts of our people and service personnel, who believed in him as in heaven, and the world's people recognize this. The benevolent image of him as the General Secretary of the WPK will always remain in the hearts of our Party members and other people. Our officials, including those present here, along with other Party members, service personnel and people, are all the General's soldiers and devoted followers who grew up in his embrace. It is our natural duty and moral obligation to hold the man, who brought us up, in high esteem as our eternal leader and great teacher. Although he was the leader of the Party, the state and the army, he regarded himself all his life as a revolutionary soldier of President Kim Il Sung, held the President up as the eternal leader of the Party and the people and devoted his all to the realization of the latter's cause. The General's noble traits and moral obligation are a paragon which we should all learn from.

Only when we hold him in high esteem as the eternal General Secretary of our Party can we brilliantly accomplish the revolutionary cause of Juche by dynamically pushing forward the revolution and construction as we did in the past. The post of General Secretary of the WPK should be occupied only by General Kim Jong Il, even though one generation is replaced by another. For this reason, we are going to adopt a historic decision on acclaiming him as the eternal General Secretary of our Party, the eternal leader of the Party and people, and include it in the Rules of the Party at the Party conference. Our Party, with him as its eternal General Secretary, can carry the revolutionary cause of Juche and the revolutionary cause of Songun to brilliant completion with a solid organizational and ideological guarantee for leading the revolution and construction to victory. We intend to discuss the matter of acclaiming him as the eternal Chairman of the National Defence Commission of the DPRK at a session of the Supreme People's Assembly to be held following the Party conference.

At the conference we intend to proclaim the WPK as the glorious party of Kim Il Sung and Kim Jong Il. The history of the WPK is the history of the great revolutionary activities of the President who founded it, as well as of the General who brilliantly carried forward the President's ideology and cause. Our Party's high prestige, invincible might and great exploits in the revolution and construction are associated with the names of the President and the General, and their names will be immortal along with the development of our Party. The WPK is the party of Kim Il Sung and Kim Jong Il, who are its eternal leaders. The guiding ideology of the WPK is the great Kimilsungism-Kimjongilism. It is a glorious Kimilsungist- Kimjongilist party whose guiding ideology is Kimilsungism-Kimjongilism and which struggles for its realization. By energetically conducting ideological and theoretical activities with unexcelled ideological and theoretical wisdom and extraordinary ability to explore, the General formulated the President's revolutionary ideology as Kimilsungism, and ensured that it shone more brilliantly as a great ideology guiding the era of independence. In particular, he developed the President's idea of giving priority to arms into the idea of the Songun revolution and the theory of Songun politics, and advanced the theory of building a thriving socialist nation, thus significantly enhancing the attraction and viability of Kimilsungism and clearly verifying its justness in the revolutionary practice.

Because the General managed the unique achievement of developing Kimilsungism as required by the times and the developing revolution, our Party members and other people could combine the President's ideology with the General's, calling them Kimilsungism-Kimjongilism and recognizing it as the guiding ideology of our Party. However the General, who was boundlessly humble, sternly forbade his name from being associated with the guiding ideology of our Party, saying that nothing would be seen other than Kimilsungism, no matter to what extent one delved into Kimjongilism. Today our Party and revolution demand that Kimilsungism-Kimjongilism be held fast to as their permanent guiding ideology.

Kimilsungism-Kimjongilism is an integral system of the idea, theory and method of Juche, and a great revolutionary ideology representative of the Juche era. Guided by Kimilsungism-Kimjongilism, we should conduct Party building and Party activities in such a way as to sustain the revolutionary character of our Party and advance the revolution and construction in line with the ideas and intentions of the President and the General. Imbuing the whole society with Kimilsungism- Kimjongilism is the highest programme for our Party. It is a revolutionary inheritance of the imbuing of the whole society with Kimilsungism and its development onto a new, higher stage. Just as we set imbuing the whole society with Kimilsungism as the highest programme for the Party and made strenuous efforts to realize it under the wise guidance of the General, we should, in the future, make more strenuous efforts to imbue the whole society with Kimilsungism-Kimjongilism. We have travelled a road resplendent with brilliant victories by braving every manner of historical trial, but we still have a long, arduous revolutionary road to follow. Owing to the vicious schemes of the imperialists and reactionaries to isolate and stifle our style of socialism that is centred on the masses of the people, the situation is as tense as ever, and we are faced with the grave task of giving fuller play to the advantages and might of socialism and building a thriving socialist country by solving in full the problems arising in developing the economy and improving the people's living standards.

However difficult and huge our revolutionary task may be, we are sure to emerge victorious as long as we are with our outstanding leaders whom we revere as the eternal sun of Juche, are guided by the ever-victorious WPK and are supported by the people and the invincible revolutionary army of Mt. Paektu, which are boundlessly faithful to their Party and leaders. We should hold the great General in high esteem as the eternal leader of our Party and people and add lasting brilliance to his revolutionary career and immortal revolutionary exploits. He was a great leader, a peerless patriot and the benevolent father of our people, who devoted his all solely to the country's prosperity and the people's happiness with absolute loyalty to the President and warm affection for his country and people. His was the most brilliant life of a peerlessly great man who performed immortal exploits for the Party and the revolution, the country and the people, true to the noble intentions of the President. We should maintain a pure conscience and a sense of moral obligation in pushing forward all undertakings that are aimed at holding the General in high esteem for all eternity and realizing the cause of immortalizing him.

We should make sure that the Kumsusan Palace of the Sun, where the President and the General lie in state, shines forever as the sanctuary of the sun. The palace is the beacon of our revolution, our permanent psychological mainstay and the symbol of victory. Our officials, service personnel and people should make the Kumsusan Palace of the Sun the sanctuary of the eternal sun, and live and work with the beaming images of the President and the General always in their minds. We should staunchly safeguard the General's ideology and exploits and solve all the problems that arise in the revolution and construction true to his ideology and intentions and in the same way as he did. In his lifetime he specified the tasks to be tackled by our Party and people in the revolution and construction and the ways they should be implemented. We should regard his instructions as our guideline and carry them out unconditionally without any deviation and without any concession, so as to bring his plans and desires to brilliant fruition. We should continuously develop the WPK into the eternal, glorious party of Kim Il Sung and Kim Jong Il.

Developing our Party into the eternal party of Kim Il Sung and Kim Jong Il means holding fast to Kimilsungism-Kimjongilism as its guiding ideology and promoting its development and activities in strict accordance with their ideology and intentions. What is important in this regard is to establish more firmly the monolithic leadership system of the Party. We should make this the major task of Party work, and work with perseverance to this end to meet the requirements of the new, higher stage of the development of our Party and revolution. All Party members, service personnel and people should support the Party's ideology and leadership with faith and conscience, unite closely behind the Party Central Committee in ideology, purpose and moral obligation, and share the same destiny with our Party in ordinary times and when things are most difficult.

Party organizations should create a revolutionary atmosphere of implementing the Party's policies, decisions and directives unconditionally and to the letter. They should take proactive steps to establish revolutionary discipline and the working style of promptly transmitting the Party's policies, decisions and directives, making careful arrangements so that they can be implemented thoroughly and reporting back on the results promptly. It is important to establish throughout the Party the strict revolutionary discipline of acting as one under the monolithic leadership of the Party Central Committee. Party organizations should analyse and assess the problems that arise in the revolution and construction from the point of view of the interests of the revolution and with the attitude that they are taking responsibility for them before the Party, the state and the people, report them to the Party Central Committee and deal with them according to the latter's decision. We should continue to direct great efforts to building up the ranks of cadres. Cadres are the leading personnel of the revolution and the backbone of the Party; the development of the Party is decided by the qualitative composition of the ranks of cadres.

We should radically improve personnel administration and build up the ranks of cadres with faithful and able persons who are ready to share the destiny of the Party forever. In personnel administration, the main emphasis should be put on people's ideological preparedness, qualifications and ability. We should build up the ranks of cadres with those who are promising, have organizing ability and drive, and never fail to see a task through to the finish once they are entrusted with it We should intensify the ideological education and organizational activities of cadres and constantly train them through revolutionary practice so as to ensure that they discharge their responsibilities and duties as befits the leading personnel of the revolution. We should consolidate the Party's ranks. We should strictly observe Party principles in increasing Party membership so as to admit to the Party those who are politically and ideologically sound, are responsible and enthusiastic in fulfilling their revolutionary tasks, are upright and honest in their economic and moral lives and enjoy a good reputation among the masses.

**To be contd ..**

## मधेसी...

यादवको कार्यशैलीप्रति असहमति जनाउँदै भट्टराईले पार्टी विधानअनुसार चल्नुपर्ने बताउँदै आएका छन् । विभिन्न निर्णयहरूमा असहमति जनाउँदै भट्टराई अध्यक्ष यादवबाट असन्तुष्ट नेताहरूको सहयोगमा पार्टी विभाजन गर्ने अवस्थामा पुगेका छन् । जसपाका अध्यक्ष रहेका महन्थ ठाकुरले लोसपा गठन गरेपछि एक अध्यक्ष पद रिक्त रहेको छ । उता लोसपा गठन गरेका ठाकुर, राजेन्द्र महतो, शरदसिंह भण्डारी र अनिल झाले पार्टी विधिविधान र प्रक्रियाअनुसार अगाडि नबढाई भागबन्डाको आधारमा अगाडि बढाइएको आरोप लगाउँदै फेरि विभाजनतर्फ उन्मुख भएका छन् । विभिन्न ६ पार्टीबीच एकीकरण भएर राजपा गठन भएको थियो । त्यसमध्येको एक तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) लाई ब्युँझाउने काम भएको छ । निर्वाचन आयोगमा तमलोपा दर्ता भएको छ ।

## यसकारण...

विगतमा गरिएका कतिपय राष्ट्रहित विपरीतका कार्य नदोहोरिउन् भन्ने नेपालको संविधानको धारा ५ मा राष्ट्रिय हितका विषयहरू निर्धारण गरेर राष्ट्रिय हित विपरीतका कार्यलाई संघीय कानुन बमोजिम दण्डहीन हुने व्यवस्था राखिएको छ ।

नेपालको संविधानको धारा २७९ मा सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन स्वीकृति वा समर्थन गर्न शान्ति र मैत्री, सुरक्षा एवं सामरिक सम्बन्ध नेपाल राज्यको सिमाना, प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड सम्बन्धमा दुईतिहाई बहुमत आवश्यक हुने र अरुको हकमा संघीय कानुन बमोजिम हुने उल्लेख छ । एमसीसी सम्झौताका बारेमा निर्णय गर्नुपर्दा संविधानमा स्पष्ट रुपमा उल्लिखित यी विषयलाई ध्यानमा राख्न जरुरी छ । एमसीसीसँगको संसदमा वितरित सम्झौता, कार्यान्वयन सम्झौता र सम्बन्धित अन्य सम्झौताका धारा र दफाले उल्लिखित नेपालको संविधानका प्रावधानको उल्लंघन हुन्छ र स्वाधीनता, स्वतन्त्रता, हित र आत्मनिर्णयको अधिकार कुण्ठित हुन्छ भन्ने तथ्यहरू जगजाहेर छ । एमसीसीको स्थापना तथा यसअन्तर्गत दिने भनिएको आर्थिक सहयोगको स्वरुप, यससम्बन्धी अमेरिकी कानुन र मान्यता तथा एमसीसी हिन्द प्रशान्त रणनीतिको अंग भएको स्वयं अमेरिकी अधिकारीहरूको खुलासाप्रति अनदेख गर्न मिल्दैन । यो सम्झौता हस्ताक्षरको चरणदेखि नै दुई स्वतन्त्र सार्वभौम देशका बीचमा पारस्परिक समानता र हितमा आधारित नभई असमान छ । विगतका सम्झौताको पुनरावलोकन गरी समानता र पारस्परिक हितका आधारमा सम्झौता गर्ने संवैधानिक प्रावधान विपरीत अनुमोदन गर्नु राष्ट्रहितको प्रतिकूल छ ।

आयोजना पाँच वर्षका लागि भएको भनी एक ठाउँमा भनिएको छ र त्यसकै आधारमा यो पाँच वर्षका लागि हो भन्ने भ्रम फैलाइएको छ । तर अन्य प्रावधानहरूमा नेपालको विद्युत् प्रसारण लाइन र त्यसले चर्चेको जग्गामा एमसीसीको असीमित समयसम्म आधिपत्य रहने कुरा उल्लेख छ । विद्युत् प्रसारण लाइनमा कुनै मर्मत वा सुधार गर्नुपर्ने भएमा समेत नेपाल सरकारले आफैं गर्न नसक्ने र एमसीसीको अनुमति लिनुपर्ने कुरा गरिएको छ । अनुदान र विकासका नाममा नेपालले आफ्नो भूमिमा अमेरिकाको आधिपत्य स्वीकार गर्नुपर्ने बाध्यताले नेपाली स्वाधीनता र स्वतन्त्रताको खिल्ली उडाएको छ ।

नेपाल सरकारले गठन गर्ने भनेको विकास समिति र त्यसअन्तर्गत एमसीसी नेपाल र बोर्ड गठन गरी कार्य सम्पादन गर्ने उल्लेख गरिएको छ । एमसीए नेपाल र बोर्ड नेपाल सरकारप्रति उत्तरदायी नभई एमसीसीप्रति उत्तरदायी हुने र उसैको नियन्त्रण र नीति निर्देशनमा चल्ने प्रावधानहरू छन् । नेपाल सरकारले पूरै अधिकार एमसिए नेपाललाई सुम्पिने कुरा गरिएको छ । नेपालको कानुनअनुसार नेपाल सरकारले निर्देशनसम्म दिन नसक्ने गरी सम्पूर्ण अधिकार एमसीसीलाई समर्पण गर्न मिल्दैन । आयोजनामा नेपाल सरकारको कुनै निकायलाई संलग्न गराउनु परे एमसीसीको स्वीकृति लिनुपर्ने प्रावधान राखिएको छ । आयोजनामा नागरिक समाज र गैरसरकारी संस्थाका प्रतिनिधिको छनोट समेत एमसीसीले तोकेको प्रक्रियाबाट गर्नुपर्ने र एमसीसीले लैंगिक एकीकरण र सामाजिक समावेशितासम्बन्धी योजना बनाई सामाजिक जीवनमा प्रवेश गर्ने उद्देश्य राखेको छ । अर्थात् एमसीसी समानान्तर सरकारका रुपमा प्रवेश गर्न खोज्दैछ ।

आयोजना पूर्ण अनुदान हो भने एमसीसीलाई नेपालले १३ करोड डलर किन 'अनुदान' दिनुपर्ने ? यदि आयोजना अगाडि बढ्न सकेन भने नेपालको 'अनुदान' के हुन्छ ? आयोजनाको नाममा बैंकमा रहने रकमबाट आउने ब्याजसमेत एमसीसीको हुने प्रावधान राखिएको छ । आयोजनामा हुने बौद्धिक सम्पत्तिमा एमसीसीको असीमित र एकलौटी अधिकार रहने कुरा उल्लेख गरिएको छ । आयोजनास्थलमा नेपाल सरकारले प्रतीक चिन्हसमेत राख्न नपाइने र एमसीसीकै प्रतिक चिन्ह रहने व्यवस्था गरिएको छ । यसले नेपाल सार्वभौम र स्वाधीन राष्ट्र होइन भन्ने देखाउँदैन ?

एमसीसीबाट प्राप्त हुने ५० करोड डलर र नेपालले हाल्नुपर्ने १३ करोड डलरमध्ये सडक र विद्युत प्रसारण लाइनजस्ता भौतिक पूर्वाधारमा ६१.५ प्रतिशत मात्र रकम खर्च हुने देखाइएको छ । बाँकी रकम केमा खर्च हुन्छ भन्ने कुनै उल्लेख छैन । आयोजनाका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीको प्राप्ति र ठेक्कापट्टाका सबै कामहरू अमेरिकी कानुनबमोजिम हुने कुरा सम्झौतामा उल्लेख छ । निर्देशिका हेरफेर, आदेश, नियमावलीका बारेमा एमसीसीको पूर्वस्वीकृति हुनुपर्ने प्रावधान रहेका छन् । एमसीसीकै तजबिजमा साझेदार राख्ने भनिएको छ तर साझेदार को हुने खुलाइएको छैन । विद्युत लाइन कसले कसरी सञ्चालन गर्ने स्पष्ट छैन । विद्युत् उत्पादन, वितरण र महसुल निर्धारण कुनै स्वतन्त्र निकाय वा कम्पनीको जिम्मा लगाउने शर्त अनुदानमा राखिनुले उद्देश्य सफा नरहेको प्रस्ट हुन्छ । सम्झौता अनुमोदन भइसकेपछि त्यसको प्रावधानमा बोर्डले कुनै बैठक नगरी थपघट गर्न सक्ने र त्यसमा नेपाल सरकार वा संसदको कुनै अनुमति वा अनुमोदन आवश्यक नपर्ने प्रावधान राखिएको छ । एमसीसीले नेपाल सरकारलाई सुझाव दिन सक्ने र त्यस्तो सुझाव मान्नैपर्ने व्यवस्था गरिएको छ । सन् २०१९ मा अमेरिकी उपसहायकमन्त्री डेभिड जेरान्ज र सहायकमन्त्री एलिस वेल्सले एमसीसी अमेरिकी हिन्द प्रशान्त रणनीतिको अंग हो भनिसकेकाले यसलाई अनुमोदन गरिएमा नेपाल अमेरिकाको सुरक्षा छाताभित्र पर्ने निश्चित छ ।

## एसईई...

अनिवार्य संस्कृत भाषा र साहित्यको पनि परीक्षा हुनेछ । वैशाख ११ गते आइतबार अनिवार्य गणित, १२ गते सोमबार अनिवार्य नेपाली र गैर नेपाली विद्यार्थीका लागि अङ्ग्रेजीको परीक्षा हुनेछ । वैशाख १३ गते आइतबार अनिवार्य विज्ञान र वेदविद्याश्रम अनिवार्य संस्कृत व्याकरण र अनुवादको परीक्षा हुने भएको छ । वैशाख १४ गते अनिवार्य सामाजिक अध्ययन तथा प्राविधिकतर्फ फार्म म्यानेजमेन्ट, मार्केटिङ, इन्जिनीयरिङ, ड्रइङ, कम्प्युटर परपियरिङ र मेन्टिनेन्स तथा बेसिक म्युजिकको परीक्षा हुने भएको छ ।

यसैगरी वैशाख १५ गते अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा, वेदविद्याश्रमतर्फ वेद वा नीतिशास्त्र, प्राविधिकतर्फ ऐच्छिक प्रथमका सबै विषयको परीक्षा हुनेछ भने प्राविधिकतर्फ एग्रिकल्चर, इलेक्ट्रिकल म्यानेजमेन्ट, कम्प्युटर नेटवर्किङ, इन्जिनीयरिङ सर्भेइङको परीक्षा हुनेछ । वैशाख १६ गते साधारण तथा संस्कृततर्फका ऐच्छिक प्रथमका सबै विषय, संस्कृततर्फ अनिवार्य संस्कृत शिक्षा, वेदविद्याश्रमतर्फ ऐच्छिक विषय र प्राविधिकतर्फ ऐच्छिक गणितको परीक्षा हुनेछ भने वैशाख १७ गते शनिवार साधारण तथा संस्कृततर्फ ऐच्छिक द्वितीयका विषय, वेदविद्याश्रम तर्फ कर्मकाण्ड वा फलित ज्योतिष, प्राविधिकतर्फ भेजिटेबल एण्ड मेडिसिनल प्लाण्ट प्रोडक्सन, डेरी, इलेक्ट्रिकल इनर्जी, डाटावेस म्यानेजमेन्ट सिष्टम, म्युजिक टेक्नोलोजीको परीक्षा हुनेछ ।

वैशाख १८ गते प्राविधिक विषयतर्फ क्रप प्रोडक्सन, स्मल रुमेन्ट प्रोडक्सन एण्ड म्यानेजमेन्ट, इलोक्ट्रोनिक्स डिभाइस एण्ड सर्किट, वाटर रिसोर्सेस र इन्जिनीयरिङको परीक्षा हुनेछ । वैशाख १९ गते प्राविधिक विषयतर्फ नै एनिमल हेल्थ, इलेक्ट्रिकल मेसिन, माइक्रो प्रोसेस, हाइवे इन्जिनियरिङ, म्युजिक विजनेश एण्ड प्रोग्राम म्यानेजमेन्टको परीक्षा हुनेछ ।

अन्तिम दिन वैशाख २० गते प्राविधिकतर्फ नै फ्लोरिकल्चर एण्ड नर्सरी म्यानेजमेन्ट, भेटेरनरी ल्याव्रोटरी टेक्निक, इन्ड्रष्ट्रियल इन्स्टलेसन एण्ड मेन्टिनेन्स, अब्जेक्ट खोरेण्टेड प्रोग्रामिङ, इष्टिमेटिङ कस्टिङ एण्ड सुपरभिजन र ऐच्छिक विषयमा गायन, सङ्गीत, वाद्यबादन र नृत्यको परीक्षा हुने भएको छ । बोर्डले आउँदो स्थानीय तहको निर्वाचनलाई समेत ध्यानमा राखेर परीक्षाको मिति निर्धारण गरेको उनले जानकारी दिए । यस वर्षको परीक्षामा पाँच लाख १० हजार परीक्षार्थी सहभागी हुने अनुमान बोर्डले गरेको छ । परीक्षाको तालिका भने बोर्डले भोलि बिहान सार्वजनिक गर्ने भएको छ ।

यसैबीच त्रिभुवन विश्वविद्यालयले आगामी १ फागुनदेखि भौतिक उपस्थितिमै पठनपाठन गर्ने निर्णय गरेको छ । बिहीबार त्रिवि रजिस्ट्रार कार्यालयले सूचना जारी गरी पठनपाठन, परीक्षालगायत कार्यालयका सम्पूर्ण काम भौतिक उपस्थितिमै सञ्चालन गर्ने जनाएको छ । कोरोनाको तेस्रो लहर सुरु भएसँगै त्रिविले गत ९ माघदेखि विभिन्न तहका परीक्षासमेत स्थगित गरेको थियो । मंगलबार बसेको त्रिवि कार्यकारी परिषद्‌को बैठकले १ फागुनदेखि पठनपाठन र रोकिएका परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो ।

## यी हुन्...

अब अम्बानीको नम्बर ११ मा पुगेको छ । यो वर्षको कमाइमा अडानीले सबैलाई उछिने । उनको नेटवर्थमा १२ अर्ब डलर बढोत्तरी भयो । अम्बानीको नेटवर्थमा भने २.०७ अर्ब डलर गिरावट आएको छ । व्यवसायको दुनियाँमा गौतम अडानी कमोडिटी बिजनेसबाट प्रवेश गरेका थिए । अहिले उनको बिजनेस पोर्ट्स, माइन्स, ग्रिन एनर्जीसमेत थुप्रै क्षेत्रमा लगानी छ । उनका केही कम्पनीको सेयरमा पछिल्ला दुई वर्षमा ६०० प्रतिशत उछाल आएको थियो । पछिल्ला तीन वर्षमा भारतका सात विमानस्थलको परिचालन उनको हातमा परेको थियो । उनको समूह भारतीय निजी क्षेत्रको सबैभन्दा ठूलो विमानस्थल अपरेटर, पावर जेनेरेटर तथा सिटी ग्यास रिटेलर बनेको छ ।

२०२० को पूर्वार्द्धदेखि अडानी ग्रिन तथा अडानी टोटल ग्यासको सेयरमा हजार प्रतिशतभन्दा बढी उछाल आएको थियो । यसै क्रममा अडानी इन्टरप्राइजेज लिमिटेडमा ७३० प्रतिशत, अडानी ट्रान्समिसनमा ५०० प्रतिशत र अडानी पोर्ट्समा ९५ प्रतिशतभन्दा अधिक वृद्धि भएको थियो । बेन्चमार्क बीएसई इन्डेक्समा ४० प्रतिशत वृद्धि भएको थियो । सोमबार अन्य कम्पनीका सेयरमा तीव्र गिरावट आउँदा पनि अडानी ग्रिन र अडानी टोटल ग्यासको सेयरमा भारी वृद्धि भएको थियो । उता, फेसबुक (अहिले मेटा प्लेटफर्म्स) का सीईओ मार्क जुकरबर्ग धनीको सूचीबाट तल ओर्लेर १३औं नम्बरमा खुम्चिएका छन् । सोमबार उनको नेटवर्थमा ४।३७ अर्ब डलर गिरावट आयो । अब उनको नेटवर्थ ८५.० अर्ब डलरमा खुम्चिन पुगेको छ । यो सूचीमा टेस्लाका सीईओ एलन मस्क २३५ अर्ब डलरसहित पहिलो नम्बरमै टिक्न सफल छन् । अमेजोनका जेफ बेजोस दोस्रो र फ्रान्सेली व्यवसायी बर्नार्ड आर्नोल्ट तेस्रो अनि माइक्रोसफ्टका बिल गेट्स चौथो नम्बरमा छन् ।

## तीन...

थपको तयारी भएको थियो । तर, सशस्त्र प्रहरीतर्फ भने संगठन व्यवस्थापन तथा सर्वेक्षण (ओएन्डएम) गरेर ल्याउन भन्दै तत्काल एआईजी थप नगर्नेगरी प्रस्ताव फिर्ता भएको छ । प्रहरी प्रधान कार्यालयले भने तीन एआईजीको दरबन्दी थपका लागि ओएन्डएम गरेर गृह मन्त्रालयमा पठाएको थियो । प्रधान कार्यालयको सो प्रस्तावलाई गृह मन्त्रालयले केही समयअघि नै अघि बढाएको थियो । तर, अर्थ मन्त्रालयले सहमति नदिँदा एआईजी थपसम्बन्धी फाइल ती दुई मन्त्रालयमा नै घुमेको घुम्यै थियो ।

स्रोतका अनुसार पछिल्लो समयमा अर्थ मन्त्रालयले समेत एआईजी थप्ने प्रक्रियामा सहमत बनेपछि प्रक्रिया थप अघि बढेको हो । सम्भवतः आगामी मन्त्रिपरिषद् बैठकबाट एआईजी थपको निर्णय हुनेछ । यसअघि एआईजी थपको विषयमा अर्थ मन्त्रालयले भने बजेट अभाव देखाउँदै अड्काउँदै आइरहेको थियो । एआईजी दरबन्दी थपिँदा तीनमध्ये एउटा कोटा अर्थमन्त्री जनार्दन शर्मा निकटलाई दिने विषयमा उच्च तहमा सहमति बनेपछि दरबन्दी थपको प्रक्रिया अघि बढेको बताइन्छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता विष्णुकुमार केसीले प्रहरी प्रधान कार्यालयले तीन एआईजीको दरबन्दी थपका लागि ओएन्डएम गरेर गृह मन्त्रालयमा प्रस्ताव पठाएको बताउँदै आएका छन् । हाल नेपाल प्रहरीमा एक प्राविधिकसहित ६ एआईजी छन् । यो प्रस्ताव स्वीकृत भएमा एआईजी तहमा प्राविधिकसहित नौ दरबन्दी हुनेछ । थपिने पद साधारण सेवातर्फ हुनेछ । हाल महानगरीय प्रहरी कार्यालय रानीपोखरी, अपराध अनुसन्धान विभाग, कार्य विभाग, प्रशासन विभाग र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जमा एआईजीको दरबन्दी छ । एआईजी दरबन्दी थप हुँदा डीआइजीहरू ईश्वरबाबु कार्की, प्रकाशजंग कार्की, रवीन्द्र धानुक, धिरजप्रताप सिंह, वसन्तकुमार पन्त, घनश्याम अर्याल, वसन्त लामा, उत्तमराज सुवेदी र अरुणकुमार बीसी प्रतिस्पर्धामा रहनेछन् ।

## वैदेशिक...

साधन तथा पार्टपुर्जा, कच्चा सोयाबिन तेललगायतका वस्तुको आयात बढे पनि एमएस बिलेट, सिमेन्ट, दाल, मोलासिस सुगर, कीटनाशकलगायतका वस्तुको आयात घटेको प्रतिवेदनमा उल्लेख छ। प्रतिवेदनअनुसार निर्याततर्फ कञ्चनपुर, मेची, र नेपालगञ्ज भन्सार कार्यालयबाहेकका नाकाबाट गरिएको निर्यात भने बढेको छ। आयाततर्फ भने सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा वृद्धि भएको छ। राष्ट्र बैंकका अनुसार चालू आवको छ महिनामा कुल वस्तु व्यापारघाटा ४६ दशमलव छ प्रतिशतले बढेर आठ खर्ब ८० अर्ब ४९ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा पाँच दशमलव आठ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११ दशमलव नौ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात नौ दशमलव दुई प्रतिशत रहेको राष्ट्र बैंकको भनाइ छ। चालू आर्थिक वर्षको छ महिनामा परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी एक खर्ब १० अर्ब ९१ करोडबराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ८३ अर्ब एक करोडबराबरको भएको प्रतिवेदनमा उल्लेख छ।

विदेशी मुद्राको सञ्चितिमा गिरावट आएको छ। राष्ट्र बैंकका अनुसार २०७८ असार मसान्तमा १३ खर्ब ९९ अर्ब तीन करोडबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १६ दशमलव सात प्रतिशतले कमी आई २०७८ पुस मसान्तमा ११ खर्ब ६५ अर्ब ८० करोड कायम भएको हो। अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा ११ अर्ब ७५ करोड रहेकोमा २०७८ पुस मसान्तमा १५ दशमलव नौ प्रतिशतले कमी आई नौ अर्ब ८९ करोड कायम भएको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा १२ खर्ब ४४ अर्ब ६३ करोड रहेकोमा २०७८ पुस मसान्तमा १८ दशमलव चार प्रतिशतले कमी आई १० खर्ब १५ अर्ब ५९ करोड कायम भएको छ।

राष्ट्र बैंकका अनुसार बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा एक खर्ब ५४ अर्ब ३९ करोड रहेकोमा २०७८ पुस मसान्तमा दुई दशमलव सात प्रतिशतले कमी आई एक खर्ब ५० अर्ब २१ करोड कायम भएको छ। २०७८ पुस मसान्तको कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ दशमलव चार प्रतिशत रहेको राष्ट्र बैंकले जानकारी दिएको छ।

वैदेशिक रोजगारीबाट प्राप्त आय विप्रेषण आप्रवाह घटेको छ। नेपाल राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको छ महिनामा विप्रेषण आप्रवाहमा पाँच दशमलव पाँच प्रतिशतले घटेर चार खर्ब ६८ अर्ब ४५ करोड रुपैयाँमा खुम्चिएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ११ दशमलव एक प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह छ दशमलव दुई प्रतिशतले कमी आई तीन अर्ब ९३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह छ दशमलव सात प्रतिशतले बढेको राष्ट्र बैंकको भनाइ छ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य रुपमा वृद्धि भई एक लाख ६७ हजार पाँच सय १३ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ८९ प्रतिशतले घटेको थियो। त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा दुई सय ९८ दशमलव एक प्रतिशतले वृद्धि भई एक लाख ३० हजार दुई सय १२ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७५ दशमलव पाँच प्रतिशतले घटेको थियो।

राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा खुद ट्रान्सफर चार दशमलव नौ प्रतिशतले कमी आई पाँच खर्ब २३ अर्ब एक करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर आठ दशमलव नौ प्रतिशतले बढेको थियो। खुद सेवा आय घाटामा देखिएको छ। नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी छ महिनाको प्रतिवेदनअनुसार खुद सेवा आय ४६ अर्ब १७ करोड रुपैयाँले घाटामा देखिएको हो।

अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय २८ अर्ब ५२ करोडले घाटामा रहेको थियो। सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय दुई सय पाँच दशमलव सात प्रतिशतले वृद्धि भई १० अर्ब २४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय तीन अर्ब ३३ करोड रहेको थियो। समीक्षा अवधिमा सेवा खाताअन्तर्गत भ्रमण व्यय ९५ दशमलव आठ प्रतिशतले वृद्धि भई २९ अर्ब ७२ करोड पुगेको छ। यसमध्ये शिक्षातर्फको व्यय १७ अर्ब ४८ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय १५ अर्ब १८ करोड रहेकोमा शिक्षातर्फको व्यय १२ अर्ब ७६ करोड रहेको प्रतिवेदनमा उल्लेख छ।

चालू खाता घाटामा देखिएको छ। नेपाल राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको छ महिनामा चालू खाता तीन खर्ब ५४ अर्ब सात करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता ५१ अर्ब ६८ करोडले घाटामा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ४४ करोड ८ लाखले घाटामा रहेको चालू खाता समीक्षा अवधिमा दुई अर्ब ९७ करोडले घाटामा रहेको छ।

राष्ट्र बैंकका अनुसार पुँजीगत ट्रान्सफर २० प्रतिशतले कमी आई पाँच अर्ब ४८ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ४८ दशमलव एक प्रतिशतले वृद्धि भई ११ अर्ब ३४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर छ अर्ब ८५ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी सात अर्ब ६६ करोड रहेको थियो।

चालू आवको छ महिनामा शोधनान्तर स्थिति दुई खर्ब ४१ अर्ब २३ करोड रुपैयाँले घाटामा देखिएको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति एक खर्ब २४ अर्ब ९२ करोड रुपैयाँले बचतमा रहेको थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब पाँच करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा दुई अर्ब दुई करोडले घाटामा रहेको राष्ट्र बैंकले जनाएको छ।

## एमसीसीविरुद्ध...

पार्टी नेपाल, नेकपा माओवादी केन्द्र समाजवादी, देशभक्त जनगणतान्त्रिक मोर्चा र राष्ट्रिय जनमोर्चाले विरोध प्रदर्शन गरेका हुन् । एमसिसी नेपालको हितविपरीत रहेको भन्दै यसलाई फिर्ता पठाइनुपर्ने उनीहरूको माग छ । एमसिसी चाँडो अनुमोदन गराउन अमेरिकाले लगातार दबाब दिइरहेका वेला यसको विपक्षीमा पनि आन्दोलन हुँदै आएका छन् ।

एमसिसीविरुद्ध काभ्रेमा विरोध प्रदर्शन भएको छ धुलिखेलमा बुधबार नेपाल कम्युनिस्ट पार्टी, नेकपा मसाल, नेकपा, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, नेकपा क्रान्तिकारी माओवादी, नेकपा माओवादी केन्द्र समाजवादी, देशभक्त जनगणतान्त्रिक मोर्चा र राष्ट्रिय जनमोर्चालगायत आठ दलले संयुक्त रूपमा विरोध प्रदर्शन गरेका हुन् ।

### देशभर प्रदर्शन हुने

सत्तारुढ दल नेकपा (एकीकृत समाजवादी) निकट जनसंगठनहरूले एमसिसी सम्झौताको विरोधमा देशव्यापी आन्दोलनको घोषणा गरेका छन् । बुधबार बसेको एकीकृत समाजवादीको मोर्चा संगठनको बैठकले आगामी १ फागुनमा देशभर एकैपटक एमसिसीको विरोधमा प्रदर्शन गर्ने निर्णय गरेको हो । १ फागुनको दिउँसो २ बजे ७७ वटै जिल्लामा एकसाथ विरोध प्रदर्शन गर्ने निर्णय गरेको गरेको मोर्चा संगठन प्रमुख डा. विजयकुमार पौडेलले जानकारी दिए । एमसिसी संशोधनविना पास गर्न नहुने पक्षमा एकीकृत समाजवादी रहेको छ ।

## खारेज...

बुधबार महासंघका अध्यक्ष मातृका पोखरेलले विज्ञप्ति जारी गर्दै आफ्नो देशको स्वतन्त्रता र सार्वभौमिकतालाई माया गर्ने सचेत नागरिकहरू यो सम्झौताको विरुद्धमा संघर्ष र प्रतिरोध गरिरहेको जनाएका छन । उनले भनेका छन्, 'एमसिसी सम्भौता नेपालको सन्दर्भमा राष्ट्रघाती छ भन्नेबारेमा यसलाई सामान्य रुपमा अध्ययन गर्न चाहने जोकोहीले पनि सहजै बुझ्न सकिन्छ । एमसिसी हिन्द प्रशान्त रणनीतिको मातहत रहेको तथ्य सन २०१९ जुन १ को इण्डो-प्यासिफिक स्टाटेजीको रिपोर्टमा उल्लेख भइसकेको सन्दर्भमा यो अनुदानको उद्देश्य सफा छ भनेर कूतर्क गर्नेहरूको देशलाई अमेरिकी साम्राज्यवादको सैनिक अखडा बनाउने नियत पनि अब घामझै छर्लङ भइसकेको छ ।'

विज्ञप्तिमा हिन्द प्रशान्त रणनीति (आइपिएस) को उद्देश्य सामेल राष्ट्रहरूमा संयुक्त सैनिक गतिविधि र हतियारको मजबुतिकरण गर्नु रहेको जनाउँदै चीनको आर्थिक तथा सैनिक शक्तिको बढ्दो विकास र प्रभावलाई रोक्न आइपिएसलाई अघि सारिएका तथ्यहरू बाहिर आएको उल्लेख गरिएको छ । महासंघका अध्यक्ष पोखरेलद्वारा जारी विज्ञप्तिमा लेखिएको छ, 'यो अवस्थामा आइपिएसको उद्देश्यलाई अघि बढाउने एमसिसी परियोजनामाथि सम्झौता गर्नु हाम्रो देशको संविधानमा उल्लेख गरिएको अन्तर्राष्ट्रिय सम्बन्ध असंलग्न परराष्ट्र नीतिको विपरित हुने कुरा प्रष्ट छ । त्यतिमात्र नभएर एमसिसी सम्झौता संसदमा टेवुल गर्न दवाब दिने र टेवुल नगरिए सम्माननीय सभामुखमाथि नियोजित र कथित हत्या मुद्दा उछालेर अमेरिकी साम्राज्यवादको जुठोपुरो खाएर बाँचेका डलरजीवीहरू नेपालको शान्ति प्रक्रियालाई कमजोर बनाउने षडयन्त्रको तानाबाना बुन्दैछन् । नेपाललाई सदाकाल अस्थिर राखेर आफ्नो व्यक्तिगत स्वार्थ लुट्न पल्किएका कथित नागरिक अगुवाहरूको नियतप्रति पनि प्रष्ट हुन हामीले अब ढिलाइ गर्न हुँदैन र नेपाली जनता समक्ष उनीहरूको नियत प्रष्ट पार्दै राष्ट्रिय स्वाभिमानका विरोधीको षड्यन्त्रलाई पर्दाफास गर्न पनि जरुरी छ ।'

मुलुकको राष्ट्रिय स्वाधिनता, सार्वभौमिकता, स्वतन्त्रता र स्वाभिमानमा आँच पुऱ्याउने सर्तहरू भएको मिलेनियम च्यालेन्ज कर्पोरेसन एमसिसीसँगका सम्झौताहरू स्वीकार गर्न नसक्ने जनाउदै नेपाल सरकार र संसदमा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक शक्तिलाई सम्झौता अस्वीकार गर्न विज्ञप्तिमार्फत माग गरिएको छ । पोखरेलले एमसिसी सम्झौतामा अहिलेका आपत्तिजनक बुँदाहरू वा संशोधनका नाममा यो सम्झौतालाई यो वा त्यो रुपमा स्वीकार नगर्न सरकार र राजनीतिक दललाई आग्रह गरे । उनले भने, 'नेपालको राष्ट्रिय स्वाभिमानलाई उच्च बनाउन यो सम्झौता पूर्णरुपमा यथाशीघ्र खारेज गरिनु पर्दछ । साथै एमसिसी सम्झौताविरुद्धको आन्दोलनलाई अझ सशक्त बनाउन सम्पूर्ण संस्कृतिकर्मी एवं देशभक्त नागरिक समुदायलाई हार्दिक अपिल गर्दछौं ।'

## कसरी...

थिए । उनले चर्चभित्र सैनिकहरूलाई विवाह गराइदिन थाले । एक कान दुई कान गर्दै यो खबर राजाकहाँ पुग्यो । राजाज्ञाको उल्लंघन गर्दै आफ्ना सैनिकहरूको भित्रभित्रै चर्चमा विवाह गराइदिने भ्यालेन्टाइनप्रति राजा आगो भए । उनलाई गिरफ्तार गर्न आदेश दिए । भ्यालेन्टाइन समातिए र जेलमा हालिए । जेलमै रहेका बेला भ्यालेन्टाइनको जेलरकी नेत्रविहीन छोरीसँग प्रेम भयो । भ्यालेन्टाइनलाई मृत्युदण्डको सजाय सुनाइयो । भ्यालेन्टाइनले जेलरकी अन्धी छोरीलाई दृष्टि दिने कुरा गरे । उनलाई फाँसीमा झुण्ड्याइनुअघि सोधियो तिम्रो अन्तिम इच्छा के छ ? भ्यालेन्टाइनले तिनै अन्धी जेलरपुत्रीलाई भेट्न चाहे । जेलरपुत्रीलाई भ्यालेन्टाइनसमक्ष लगियो । उनले ती दृष्टिविहीन जेलरपुत्रीलाई दृष्टि दिए । एउटा कागजमा 'फ्रम योर भ्यालेन्टाइन' लेखे र उनलाई पढ्न भने । 'तिम्रो भ्यालेन्टाइनबाट' ती दृष्टिविहीन जेलरपुत्रीले पत्र पढिन् । फेब्रुअरी १४ का दिन भ्यालेन्टाइनलाई मृत्युदण्ड दिइयो । जेलरकी छोरी पनि केही दिनमा शोककुल हुँदै मृत्युवरण गर्न पुगिन् । यो घटनापछि 'प्रेमी प्रेमिकाले युरोपतिर सुरुमा 'तिम्रो भ्यालेन्टाइनबाट' लेखेर प्रेमपत्रहरू आदानप्रदान गर्न थाले । तर यो इतिहास होइन, केवल दन्त्यकथा मात्र हो । जेहोस् यो भ्यालेन्टाइन प्रेमील जोडीहरूको अहिले महान पर्व नै बनेको छ ।

प्रेम दिवस पहिले पश्चिमी मुलुकहरूमा मात्र मनाइन्थ्यो । तर अहिले विश्वव्यापी बनेको छ । मुस्लिम देशहरूमा भने यसले कुनै अर्थ राख्दैन । बंगलादेश, पाकिस्तानमा समेत प्रणय दिवसको विकल्प सिस्टर डेको खोजी गरिँदैछ । तर नेपालमा भने ठूलै उत्सवका रुपमा युवा जोडीहरूले मनाउने गरेका छन् । प्रेम दिवस मनाउनु खराब पक्ष पक्कै होइन । तर यसले ल्याएको विकृतिले भने हाम्रो मौलिक संस्कृतिमाथि धावा बोलिरहेको छ । १४ फेब्रुअरी आउनु हप्ता अघिदेखि नै प्रेम दिवस सुरु हुन्छ । फेब्रुअरी ७ देखि नै भ्यालेन्टाइन डेका महत्वपूर्ण दिनहरू सुरु हुन्छन् । फेब्रुअरी ७ रोज डे, फेब्रुअरी ८ प्रपोज डे, फेब्रुअरी ९ चकलेट डे, फेब्रुअरी १० टेड्डी डे, फेब्रुअरी ११ प्रमिस डे, फेब्रुअरी १२ हग डे, फेब्रुअरी १३ किस डे, र फेब्रुअरी १४ भ्यालेन्टाइन डे अर्थात् सबैभन्दा महत्वपूर्ण दिन । यस दिन युवायुवतीहरू आफूले मन पराएको व्यक्तिलाई रातो गुलाफको फूल, कार्ड र उपहार दिई प्रेम प्रस्ताव राख्छन् । मोबाइल फोन, एसएमएस, फेसबुक र नियमित च्याटले युगल जोडी धेरै नजिक हुन्छन् ।

प्रेममा हिंसाले पनि प्रवेश पाएको विभिन्न घटनाहरूले प्रस्ट पारिसकेका छन् । प्रेम प्रस्ताव अस्वीकार गर्दा युवतीहरूका अनुहारमा एसिड छ्यापिएका कारुणिक दृश्यहरू देखिएका छन् । त्यसो त प्रेममा घात प्रतिघातका अवस्थाहरू आउने गर्छन् । सर्वत्र प्रेममय बनाउन प्रेम दिवस सार्थक हुनेछ भन्न सकिन्न । वास्तवमा प्रेम अन्तरात्माबाट प्रष्फुटित हुने हृदयको झंकार हो । पवित्र प्रेमका लागि भ्यालेन्टाइन डे आउनु पर्दैन । धैर्य, आशा, क्षमा, सहिष्णुता, शिष्टता, विनम्रता, अनुग्रह, भद्रता, करुणशीलता सौम्यता सबै प्रेमकै अभिव्यक्ति हुन् । सबैभन्दा ठूलो देश प्रेम हो ।

### भ्यालेन्टाइनअघि नै फूल अभाव

अमेरिकामा यो समयमा २५ लाख विवाह हुन गइरहेको छ । मानिस लाखौं डलर खर्च गर्नका लागि तयार छन् । विवाहमा विशेष गरी प्रयोग हुने सेतो फूल र विशेष किसिमको गुलाब नै पाइएको छैन । न्यूयोर्कमा एचएमआर डिजाइनका प्रमुख अधिकृत ऋषि पटेल भन्छन्, 'पहिले प्राकृतिक विपद्का कारण फूल उपलब्ध हुँदैनथ्यो र देशका तर्फबाट नै यसको व्यवस्था गरिन्थ्यो । अलिकति मात्रै धेरै खर्च हुने गर्दथ्यो । तर, यस पटक भने विश्वभरि नै फूलको अभाव भएको छ ।' पटेलका अनुसार मुस्किलले मात्रै सेतो फूल उपलब्ध भइरहेको छ र मूल्य पनि २५ प्रतिशतदेखि ५० प्रतिशतसम्म वृद्धि भएको छ । ११ अमेरिकी राज्यमा कारोबार गर्ने पेट्रिक डेल्सन भन्छन्, 'चालकको अभावका कारण ढुवानीको पनि समस्या आएको छ । अन्तर्राष्ट्रिय उडान कम भएकाले पनि बाहिरबाट मगाउन समेत मुस्किल भइरहेको छ । यसका कारण फूललाई शीत भण्डारमा राख्न परेको छ । धेरै समय भएपछि यसले पनि काम गर्दैन ।

## चीनामाथि...

अवैध कब्जालाई कहिले पनि स्वीकार गरेको छैन । सरकारले जम्मू-कश्मीर र लद्दाखको केन्द्र शासित प्रदेश भारतको अभिन्न अंग हो स्पष्ट पारेको छ र हामी आशा गर्छौं कि अन्य देश भारतको सम्प्रभुता र क्षेत्रीय अखण्डताको सम्मान गरोस् ।'

उनले पूर्वी लद्दाखको एलएसीमा शान्ति कायम राख्नका लागि भारतले चीनसँग कूटनीतिक र सैन्य स्तरमा वार्ता जारी राखेको पनि जानकारी दिए । 'हाम्रोको छलफल जहिले पनि तीन विन्दुमा केन्द्रित रहेको छ । पहिलो दुवै पक्ष एलएसीको कडाइले पालना र सम्मान गर्नुपर्छ । दोस्रो यथास्थितिलाई कायम राख्ने र तेस्रो कुनै पनि सम्झौता दुवै पक्षको पूर्ण सहमतिका साथ हुनेछ,' सरकारको भनाइ छ । चीनको यो पुलको चौडाइ आठ मिटर रहेको छ । यो पैंगोङको उत्तरी तटमा रहेको छ । यस क्षेत्रमा सन् २०२० मा भारतीय र चिनियाँ सैनिकबीच गतिरोध हुँदा चिनियाँ सेनाको फिल्ड अस्पताल र आवास पनि देखिएको थियो ।

## अनौठो...

मास्कलाई कोस्क नाम दिइएको छ । 'को' र मास्कलाई जोडेर कोस्क नाम दिइएको हो । कोरियाली भाषामा कोको अर्थ नाक भन्ने बुझिन्छ । दक्षिण कोरियाली कम्पनी अटमानले बिक्री गरेको सो अस्वभाविक मास्कमा लगाउने मानिसको मुख नढाक्ने गरी बनाइएको छ ।

खानेकुरा खाँदा कोभिडविरुद्ध कुनै तहबाट जोगिने उदेश्यले सो मास्क डिजाइन गरिएको देखिन्छ । नयाँ मास्क (कोस्क) जुनसुकै बेला नाक मात्र छोपेर लगाउन सकिन्छ । दक्षिण कोरियामा मात्र उपलब्ध हुने र नाक मात्र ढाक्ने कोस्कको अस्वभाविक लहरले पश्चिमा देशहरूमा एक खालको विवाद ल्याएको छ । कसैले यसलाई काम नलाग्ने सामान भनेका छन् । 'नाकमुनि मास्क लगाउने मानिसका लागि यो मास्क भिन्न देखिदैंन,' एक जना ट्विटर प्रयोगकर्ताले कोस्कबारे टिप्पणी गर्दै लेखेका छन् । अर्को एक प्रयोगकर्ताले 'अर्को तहको मूर्खता,' भन्दै टिप्पणी गरेका छन्। अध्ययनहरूले यो पनि देखाएका छन् की नाक हाम्रो शरीरमा कोभिड भाइरस प्रवेश गर्ने सबैभन्दा सजिलो मार्ग हो । र, केही स्वास्थ्य विज्ञहरूको यो पनि विश्वास छ की मास्क नै नलगाउनु भन्दा नाक मात्र ढाक्ने मास्क लगाउनु उचित हुन्छ ।